

# नबदि्लएको एक दशक

*एउटा कथा मित्रताको*

निशान्त ढुङ्गाना

# नबदि्लएको एक दशक

*एक दशकमा के बदि्लएन र ? म, मेरो रुप, मेरो उमेर, मेरो भोगाइ र मेरो जिवन सब बदि्लयो । बदि्लएनन् त केबल मेरा साथिहरु । न उनीहरु बदि्लए नत उनीहरुको दोस्ती नै बदि्लयो ।*

# आभारी

कहिलेकाहि जीवनमा उद्देश्य पुरा भएपनि, नभएपनि त्यहि उदेश्य पुरा गर्ने आशमा हिडेको बाटो प्यारो लाग्दो रहेछ । मलाइ मेरा ती बाटाहरूमा प्रत्यक्ष र अप्रत्यक्षरुपमा कहिले सहयात्री त कहिले पथप्रदर्शक बनेर मेरा यात्राहरूमा सहभागी हुनुभएका सबैलाइ आभार व्यक्त गर्न चाहान्छु ।

म कृतज्ञता दिन चाहान्छु बुटवल एकेडमीको परिवारलाइ । हरि अङ्कल, मदन अङ्कल, ऋषी अङ्कल, उदय अङ्कल,याम गुरु, विक्रम गुरु ,केशब अङ्कल, सन्तोष सर र बाकी व्यवस्थापन गर्ने सवै अङ्कलहरुलाइ । हामीलाइ खाना खुवाउने ज.ब.रा अङ्कल अन्टी, रेख देख गर्ने कालु दाइ र भाउजु पछि आउनु भएको थकाली कुक अङ्कल अन्टी साथै रामजी अङ्कल अन्टी सबैलाइ म धन्यबाद दिन चाहान्छु। हामीलाइ भाइ जस्तै माया गर्ने हाम्रो प्यारो विकास दाइलाइ लाइ पनि मनैबाट धन्यबाद दिन चाहान्छु । हाम्रा कुकुरहरू डेनि र लेडीलाइ पनि मनैदेखि सम्झन चाहान्छु । तपाइहरुकै कारणले हाम्रो मित्रताको जन्म भएकाले सम्पुर्णमा मेरो ब्याच २०६६ को तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । बुटबल एकेडेमीकै कारणले मेरो जिवनमा सरोज भाइ, कैलाश भाइ र पर्वत दाइ जस्ता निकै नै महत्वपुर्ण व्यक्तिहरूसगं भेट भएकोमा समेत त्यस एकेडेमी सञ्चालन गर्ने तत्कालिन एन्फालाइ समेत आभार प्रकट गर्दछु ।

## सम्झना

मेरा प्यारा साथिहरु सागर परियार र रञ्जन थापालाइ मन देखि सम्झन चाहान्छु । तिमीहरु जहा भएपनि हाम्रो मनमा सधै रहन्छौ । हाम्रो मजाकमा , हाम्रो मायामा हाम्रो साथमा तिमीहरुको शरीर नभए पनि तिमीहरु सधै रहन्छौ । सगै विताएका तिता, मिठा, राम्रा नराम्रा कामहरुको तिमीहरु पनि बराबर हकदार हुनेछौ । रञ्जन सागर स्मृतिकप हाम्रो व्याचको एउटै टिम भएर खेल्ने अनस जित्ने चाहाना थियो । आज सम्म जित्न सकेनौ आखिर हाम्रो व्याचले जितोस पनि कसरी हाम्रो टिमको भरपर्दो दुइवटै साइड व्याक नै माथि बसेर हामीलाइ हेरीरहेका छौ । सागरको म्याचमा समर्पण , लडाकु मानसिकता र रञ्जनको शान्त पाराको स्वभावले ले नै हाम्रो पहिलो व्याचले सफलता पाएको थियो । मेरा साथिहरुलाइ तिमीहरु जहा भएपनि हामी बाकीको तर्फबाट १९७४ ए.डी को सम्बोधन भन्ने गीत सुनाउन चाहान्छु र जिवनभरका यादहरूमा याद गर्न चाहान्छु ।

हामीसगं केही पल बिताएका हाम्रा साथि सुशिल तामाङ्गलाइ पनि सम्झन चाहान्छु । उनी अहीले फुटबल नखेलेपनि जिवनमा केही न केही गरीरहेको छन्। सुरूका वर्षमा हामी सगैँ पढेम तर उनको स्वास्थ्य अवस्थाले गर्दा एन्फा छाडेका थिए तर साथ होइन ।

## सुरूवात

वर्दघाटबाट एउटा सानो टिनको बाकस र झोला तर ती भन्दा धेरै ठुला मनभरी सपना लिएर वुटबल देविनगर को एन्फा एकेडेमीमा गएको थिए म । रिक्साबाट झरेर सामानलाइ बोकेर एन्फाको गेटबाट छिर्दा ओहो! जिवनमा निकै नै नया मौसम आएको भान भएको थियो मलाइ । सायद मेरो जस्तै जिवनमा मौसम परिवर्तन त बाकी २४ जना केटाहरुको नि भैरहेको थियो होला तर त्यति बेला कसलाइ कसैसगं मतलव नै थिएन तर कसलाइ थाहा थियो पछि तीनै केटाहरू जिन्दगीको एउटा अभिन्न हिस्सा हुन्छन भनेर, हासो र रूवाइको कारण हुन्छन भनेर।

ठुलो सपना बोकेर हिडेको मलाइ बुटवलको ती स्कुलहरू, ती फुटबल मैदान , ती साथिहरू, गुरूहरू, अङ्कलहरूले जिवनमा प्रत्यक्ष र अप्रत्यक्षरूपमा अनुभव, ज्ञानहरू र धेरै यादहरू दिनुभएको छ ।

वि.स २०६६ साल असार २९ गते म एन्फामा गएको थिए र २०६८ सालको एस.एल.सी परीक्षाको अन्तिम दिन दिउसोको प्रयोगात्मक परीक्षा सकेर त्यही रात झोला र जिवनभरका लागी मिठो सम्झनालाइ बोकेर ए.एफ.सी फुटवल यु १४ फेस्टिभल अफ फुटबलकोलागी बुटबल एकेडेमीबाट सदाकोलागी विदा भ्एका थिए । हामी मध्ये केही काठमाण्ड्डु त केही धरान गएका थिएम । त्यसपछि हाम्रो एकै पटक एकै ठाउमा कहिले भेटे भएन । न त समय मिल्यो न त साथिहरूको अनुकुल स्थान नै मिल्यो । मिल्यो त केबल हाम्रो मन , मिल्यो त केबल हाम्रो साथ र माया । भेटिएन हाम्रा शरीरहरू एकै ठाउमा तर सधै एक भए हाम्रा छाँया ।

# याम गुरु

मैले जिवनमा आज सम्म जति मान्छे भेटे ती मध्ये धेरै कम व्यतिहरुलाइ म याम गुरुको स्तरमा पाउछु । सायदै कम हुन्छन त्यस्ता मानिस जो धर्ती भन्दा धेरै उचाइ माथि उडेर पनि धर्तीमै रमाउछन् । गुरुले हामीलाइ फुटबल र जिवनको बारेमा धेरै कुरा सिकाउनु भयो । कति कुरा सिकाएर सिकाउनु भयो कति कुरा आफ्नै व्यहारबाट सिकाउनु भयो ।

मलाइ अझैपनि याद छ , गुरुको एन्फाबाट तलब जम्मा ३००० थियो । जुन त उहाको वाइकको पेट्रलमै खर्च हुन्थ्यो। निश्वार्थ रुपले फुटबललमा लागी पर्नुभएको थियो उहाँ । गुरुले आफ्नै पैसाले हामीलाइ जुस, फलफुल ल्याइदिनु हुन्थ्यो । कोचिङ्ग कोर्सको लागी काठमाण्डौ जादा कोहि न कोहिलाइ केही न केही उपहार ल्याइदिनुहुन्थ्यो । हामी सबै केटाहरु यामगुरु भनेपछि ज्यानदिन तयार हुन्थ्यौ । म्याचमा होस या अभ्यासमा गोल गर्दापनि हामी सगै खुसीहुदै हामीलाइ माया गर्नुहुन्थ्यो उहाँले । हामी बुटवलमा भेट्यौ भने याम गुरु , उदय अकंल र विकास दाइलाइ छुटाउदैनौ । आजभोली सामाजिक संजालमा गुरुसगं हामीसबै जना एक छौ । गुरुलाइ हामीले फुटवल कोच मात्र नभएर हाम्रो अभिभावकको रुपमा मान्थ्यौ । गुरु विना हाम्रो दोस्ती अधुरो रहने भएकाले । गुरु हामी एन्फा एकेडेमी बुटबलको पहिलो व्याचको तर्फबाट हजुरले सिकाएको ज्ञानहरुको लागी र हामीलाइ हामी बनाइदिएर जिन्दगीभरको लागी साथिहरु जोडिदिनुभएकोमा हृदयबाट आभारी व्यक्त गर्दछु ।

## उदय अङ्कल

उदय अङ्कलले गर्दा पनि हाम्रो होस्टेल जिवन निकै रमाइलो भएको थियो । उदय अङ्कलले हामीलाइ यतिधेरै माया दिनु भयो जसले गर्दा हामी सधैखुसी भयौ ।उदय अङ्कलको आर.एक्स बाइकको आवाजले हामी टाढै देखि उहालाइ चिन्थ्यौ ।

उहाले हामीलाइ जम्मा गरेर निकै नै रमाइलो चुट्किलाहरु सुनाउनु हुन्थ्यो । उहाले सुनाएका चुट्किलाहरु सम्झेर एक्ले हुदा होस या साथि भाइहरुको विचमा होस  आज पनि निकै हासो उठ्छ । हामीलाइ हरेक किसिमको अनुभव लिनुपर्छ भनेर हामी सबैलाइ बाइक चलाउन सिकाउनु भएको थियो ।  ट्रेनिङ्ग सकिएपछि बेलुका बेलुका  सबैलाइ पालै पालो सेकुवा खुवाउन लैजानु हुन्थ्यो । शनिबारको दिन मासुलिन जादा समेत एक जनालाइ लैजानुहुन्थ्यो ।  जाडो बेलामा समेछ विहानै झिसमिसेमा आएर हामीलाइ उठाउनुहुन्थ्यो उहाले । पछि पटि त हामी फ्लड लाइट बालेरै टे«निङ्ग गर्थ्यौ । एक पटक उदय अङ्कलको भाइको विहे भोजमा हामी सबैलाइ लैजानु भएको थियो । त्यो रात बिमल र त्यहाको स्थानिय पुलिस बिच नाच्ने टक्कर नै चलेको थियो ।

होस्टेलमा दाद ले सबैलाइ सताउथ्यो । दवाइहरूले पनि काम गरीरहेको थिएन त्यसैले एक दिन उदय अङ्कलले जालिम लोसन भन्ने झोल ल्याइदिनु भएको थियो । त्यसले लाष्टै चराउथ्यो र छाला खुइलाइदिन्थ्यो तर दादलाइ केही हद सम्म निको पार्थ्यो ।

उदय अङ्कलले माया हामीलाइ निकै माया गर्नुहुन्थ्यो तर कसैले गल्ति गरेमा त्यतिनै कडा सजाय समेत दिनुहुन्थ्यो । एक पटक कालको रुममै केटाहरु बल खेलेका थिए उदय अङ्कलह तल हुनुहुन्थ्यो कोठामा खेल्दा ढ्याङ्ग ढ्याङ्ग तल सम्म सुनिएछ त्यसपछि त उहा रिसाउदै आएर त्यो कोठामा भाएको सबैलाइ प्यारापिट सफा गर्ने सजाय दिनुभएको थियो त्ये दिन केटाहरुले ट्रेनिङ्ग नगरी दिनभर त्यहि पयारापिट सफा गरेका थिए ।

उदय अङ्लले हामीलाइ बिहान बिहान जेरी पुरी ल्याइदिनु हुन्थ्यो । हामीलाइ बिहानै उठाएर कहिले हिलपार्क लैजानुहुन्थ्यो त कहिले त्यही वरीपरी । उदय अङ्लले हामीलाइ जीन्दगी रोमाञ्चक तरीकामा जिउनु पर्छ भनेर सिकाउनु भयो । किशोर अवस्थामा हामीले गर्नसक्ने रमाइला पलहरू निर्माण गरीदिनु भयो । उहाले

त स्वयमको घर परीवारलाइ भन्दा ज्यादा समय त हामीलाइ दिनुभयो । त्यसैले हरेक भेटघाट कार्यत्रम उदय अङ्कल बिना खल्लो लाग्छ हामीलाइ ।

कहिले काहि उदय अङ्लले पनि ट्रेनिङ्ग गराउनु हुन्थ्यो । त्यतिबेला फिटनेसमा जोड दिनुहुन्थ्यो। हाम्रा यादहरूमा, हाम्रा गफहरूमा र हाम्रा भेटहरूमा उदय अङ्कलले सुनाउने जोक्सहरूको बारेमा कुरा गर्दै त्यही पललाइ सम्झिदै मुहारमा हासो र मनमा अतितलाइ सम्झिन्छम हामी ।

हालपनि अङ्कलले जोक्सहरू फेसबुकमा हाल्नुहुन्छ । हामी ग्रुपमा त्यही जोक्सको बारेमा समेत कुरा गर्छम । हामी सबैजना बुटवलमा एकपटक भेट्ने योजना छ र त्यतिबेला उदय अङ्कललाइ बिचमा राखेर उहाको जोक्स सुन्ने मन छ ।

मलाइ उहासँग भेट्न मन छ । एकै पटक भएपनि एक साँझ उहाको बाइक पछाडी बसेर सेकुवा खान मन छ । निमेष भरकोलागी भएपनि त्यो विगतलाइ नयनभरी सम्हालेर हेर्ने मन छ ।

# रुमको कथा

मेरो पहिलो रुम मेट रोशन , सम्राट र जितेश थिए । भैसीको मासुको सुकुटी सम्राटले काठमाण्डौबाट ल्याएका थिए तर रोशनले सुरु सुरु दिनहरुमा भैसीको मासु खान्न भन्यो । हामी नया नया भएकाले शान्त नै थिएम ।

मलाइ थाहा छैन कसरी र किन मैले रुम चेञ्ज गरे तर मेरो लागी अविस्मरणीय यादहरु दिने रुम र रुम पार्टनर ललित, जनम, जितेश र आकाश हुन। जितेस र जनम दुवै साना थिए एउटै खाटमा सुत्थे । एकले अर्कालाइ जिस्काउदै , लड्दै , भनाभन गर्दै मिलिरहेका हुन्थे । ललित ,आकाश र म एउटै कक्षामा पढ्थ्यौ त्यसैले आफ्नै सुरमा हुन्थ्यौ ।

म सुत्ने खाट टासिएको भित्तामा आजपनि मैले कम्पासले कोरेर लेखेको विक्रम गुरुको नम्बर र एउटा नाम छ होला जसलाइ सम्झिदा पनि म त्यही कोठा भित्र पुग्छु। अन्तिम पल्ट बुटवल जादा हेरेको थिए ती सबै कुराहरू जिवित नै थियो सायद मलाइ कुरीरहेका थिए ।

त्यही यादहरूको सहयात्रीहरूकै बारेमा सम्झिएका क्षणहरूलाइ शब्दमा उतारेर ११ वर्षको यो मित्रतालाइ एउटा रूपदिने र वर्तमानका जटिलताहरूलाइ चिरिदने साहस र भरोषा अनुरूप यो रचना सृजना भएको हो ।

# *मेरा साथिहरूको कथा*

## ललित थापा

बाग्लुङ्गको चिसो मौसमबाट बुटवलको अत्याधिक गर्मीसगँ बानी पार्न निकै समय लागेको थियो ललितलाइ । मेरो रुम पार्टनर थिए उनी अझ हाम्रो त खाट पनि जोडिएको थियो । बुटवल एकेडमीबाट, ग्लोरी र इलिट हुदै हामीले जिवनमा धेरै यादहरु बनाएका छौ । मेरो साह्रै मिल्ने साथि उनी । मलाइ बुटवलमा सबै भन्दा पहिले कण्ठ भएको फोन नम्बर ललितकै थियो । उती बेला फोन त्यति चलाइदैनथ्यो त्यसैले प्रायजसो नम्बरहरु कण्ठै हुन्थ्यो मलाइ ।बिदामा घर गएको वेलामा पनि ममीको फोन मागेर म ललितसगँ कुरा गर्थे । हामी सग सगै पढ्थ्यौ, धेरै अविस्मरणीय पलहरु बनायौ ।

होस्टेलमा फोन ल्याउन पाउने नियम थिएन तर पनि लुकाएर धेरैले चलाउने गथ्र्यौ । सरले फोन समाउने र हामीले लुकाउने प्रकृया धेरै समयसम्म चलिरह्यो । एक पटक मैले लुकाएर फोन ल्याएको थिए । एक रात ललितले फोन गर्छु भनेर या गीत सुन्छु भनेर मेरो फोन लगेको थिए म चाही सुत्न लागेको भएर कानमा इएर फोन हालेर "लतिल तिम्रो काम सकेपछि गीत लगाएर जोड्दिनु है" भनेर निदाएछु । केही छिनमा वार्डेन सर सबैरुम चेक गर्दैगर्दा हाम्रो रुममा मेरो कानमा इएरफोन देखेर सुतिरेकै वेला एक झापड दिनुभएको थियो र भन्नुभएकबो थियो "फोन लुकाउछस" तर धन्न त्यतिबेला फोन ललितले आफुसगैँ राखेको रैछन त्यसैले फोन पक्डीनु भएन । मेरो कन्फिडेन्स त्यसै बढीहाल्यो । अनि मैले पनि "रुममा हल्लाहुन्छ त्यसैले इएरफोन मात्र लगाएर निदाउने प्रयास गरेको भनेको थिए" बहाना पनि कतिधेरै आउने के त्यतिबेला । ललित र म स्कुलमा एउटै वेञ्चमा बस्थ्यौ । स्कुलका तिता मिठा यादहरुमा हामी दुवै सँगै हुन्थ्यौ । ट्रेनिङ्गमा जहिले पनि मिहिनेत गर्थे उनले ।

म पछि बाग्लुङ्ग गएको बेला ललितको घरमा पनि बसेको थिए । बाग्लुङ्गमा मेरा साथिहरु भएर पनि होला त्यो ठाऊ निकै प्यारो लाग्छ मलाइ । एक पटक हामी गेम खेल्न गएका थियौ । त्यतिबेला हामी बाग्लुङ्ग कालिका मन्दिर, काठे खोलामा नुहाउन गएको , एउटा झरनामा नुहाएर ग्रुप फोटो खिचेको ,भिम गुरुको घरमा एक साझको खाना खान खाएको ती हरेक क्षणहरु मेरा लागी अमुल्य छन् । मैले जिन्दगीमा कान छेड्छु भन्ने सोचेको थिएन तर बाग्लुङ्गमै ललित र म भएर मैले मेरो बायाँ कान छेडेको थिए । ती दिनहरुमा हामी साझको बेलामा झोलुङ्गे पुल भएको ठाउ तिर जान्थ्यौ, पुलको बिचमा उभिएर , डाडाहरुमा गएर हामीले फोटो खिचेका थियौ । उ बेला खिचेका फोटाहरु हेर्दापनि मनमा छुट्टै आनन्द लाग्छ मलाइ ।

काठमाण्डौको होस्टेलमा बस्दा नियमित ट्रेर्निङ्ग हुन्थ्यो र त्यही ट्रेनिङ्गको बहाना बनाउदै हामी महिनौ दिनसम्म पनि कलेज जादैनथ्यौ । हामीदुवैले विजनेस म्याथ विषय लिएकाले एउटै कक्षाको एउटै बञ्चमा बस्थ्यौ । एक दिन निकै महिनापछि हामी क्लासमा गएका थियौ त्यतिबेला विजनेस स्टडी पढाउन नया मेडम आउनुभएको रहछे, हामी २ जना लाइ पहिला कहिले नदेखेको भएर उहा रिसाउदै "तिमीहरु आफ्नो क्लासमा जाउ नत्र डि.आइ सरलाइ बोलाउछु" समेत भन्नु भयो हामीले पनि "हामी यही क्लासको हो" भन्यौ तर हामीलाइ विश्वास गर्ने कुनै आधार थिएन । पछि कक्षाको अरु साथिहरुले म्याडमलाइ भनेपछि मात्र हामीलाइ कक्षामा बस्न दिनुभएको थियो । यस्ता कयौ तिता मिठा यादहरुमा सगैं भएर पनि होला उनी मेरा लागी खास छन्

पछिल्लो समयमा करियरको , कामको दौड धुपमा हाम्रो कुराकानी धैरै नभएपनि मन देखिको सम्बन्ध उस्तै रहदै आएको छ । एन्फा पछि पनि हामी जावालाखेलमा भेट्थ्यौ । त्यतिबेला सज्जन , शिशिर र वसन्तसगँ बस्थे ललित । म त्यसबेला सोसल एभ्स भन्ने अफिसमा काम गर्थे । मेरो अफिस र ललितको रुम नजिक थियो त्यसैले कहिलेकाहि अफिसबाट घर नगएर म ललितकोमा जान्थे र हामी मिठो मसिनो खान्थ्यौ । आलुलाइ फ्राइ गरेर पकाउन मैले त्यही ललितहरुको रुममा जादा सिकेको थिए । एकपटक हामी फुटसल पनि सँगै खेलेर एउटा प्रतियोगिता नै जितेका थियौ । जाउलाखेलमा बसेको रात हामी पानि लिन धोबीघाट जान्थ्यौ , कहिलेकाहि फुटसल खेलेर आएपछि राती नुहाउन पनि हामी धोबिघाट पुग्थ्यौ । सोचे जस्तो सम्पन्न बसाइ त थिएन तर हामी त्यसैमा रमाउथ्यौ ।

हाल उनी अमेरीकामा छन् । जिवनमा राम्रो गर्दैछन् । भौतीक रुपमा हामी नजिक नभएपनि आत्मियरुपमा सधै एकअर्काको नजिक छौ । फोनमा, म्यासेन्जरमा त कहिले भाइबरमा हाम्रो कुराकानी भैरहेको हुन्छ । हाल दुवै जनाको बाटो फरक छ जिवनको आ आफ्नै योजना छ तर पनि कुरा गर्दा एक अर्काको सपनाको कुरा गर्दै, एक अर्कालाइ प्रोत्साहन गर्ने गर्दछौ । सधै जसो कुरा त हुदैन तर पनि एक किसिमको ग्याप भए झै कहिल्यै लाग्दैन । एक अर्कालाइ आफ्नो मनको इच्छाहरु सुनाउन सधै कम्फरटेबल हुन्छौ हामी। । जिवनको बाटो फरक भएपनि कहिलेकाहि ललित जस्तो साथि पाउदा हिड्दा हिड्दै थाकेको अवस्थामा पनि यात्रालाइ निरन्तरता दिने जागर आउछ ।

## आकाश थापा

होस्टेलमा हुदासम्म आकाशसगं मेरो जहिले राम्रो दोस्ती रह्यो । बुटवलमा हुदा एउटै कोठामा बसेर ताी राती सम्म पढ्ने गर्थ्यौ हामी । एउटै कक्षामा भएकाले पनिहोला कक्षा भित्रका यादहरु धेरै छन् । पिनाकलमा पढ्दा १२ कक्षाको परीक्षा अघि आकाश म र ललित भएर पाटनमा ट्युशन पढ्न जान्थ्यौ ।फर्किने बेलामा नेवारी खाजा भुटन, सेकुवा र खाजासेट खान्थ्यौ र वेलुकी होस्टेलमा खान खादैनथ्यौ । उनको घर पाल्पामा म एकपटक गएको छु । अहिले आकाश ब्रिटिस आर्मीमा छन्।

मलाइ आज पनि याद छ होस्टेलको पहिलो दिनमा विक्रम गुरुले सबैलाइ सबैको लक्ष्य के हो ? भनेर सोध्दा आकाशले मेरो ब्रिटिश आमी बन्छु भनेका थिए र आज आफ्नो सपनामा बाचिरहेका छन् । कुरा धेरै नभएपनि मनमा हामी बिच सधै एउटै खालको दोस्ती रहनेछ । विगतका केही बर्षमा भने कुराकानी त्यति हुदैन । सायद दुवैसगं गर्ने कुरा छैन । आखिर भन्ने कुराहरु पो छैन होला त तर उबेलामा जोडिएको मित्रता त सधै रहनेछ ।

सायद फेरी हाम्रो मित्रता पुरानै लयमा फर्किन्छ या सायद फर्किदैन । सायद हामीसगं धेरै कुरा छन या सायद छैन । तर हाम्रो यो मित्रता यो सायद र कुराहरू भन्दा धेरै नै माथि रहेको छ । त्यसैले शव्दले र कुराहरूको संख्यात्मक हिसाबले हाम्रो मित्रतालाइ न्याय दिन सक्दैन । अह! कसै गरे पनि सक्दैन ।

## जितेश गुरूङ्

सुनौलीको सानो भाइ जितेशले आज जिन्दगीमा सबैलाइ जितेको छ । उसको विवाह भएको पनि थुप्रै भइसक्यो र एउटा छोरा पनि भइसकेको छ । जितेश सानो भएता पनि हाम्रो ब्याचमा सबैभन्दा राम्रो खेलाडी थियो । उसको खेलले बाहिर बसेर हेर्नेहरुको लागी निकै आनन्द दिन्थ्यो ।

कहिले काहि केटाहरु स्कुल नगएर सुनौली सम्म पुग्थे र खानेकुराहरु लिएर आउथे । सानो भएपनि निडर थियो जितेश भाइ , झगडा गर्न पछि नहट्ने , मजाक गर्न पछि नहट्ने खालको स्वभावको थियो उ । स्कुल जान नपरोस भनेर बाहिरबाट ताल्चा लगाएर झ्यालमा पर्दा हालेर खाटमुनि लुकेर बस्ने गर्थ्यो उ ।

मदन अङ्कलले धेरै माया गर्नुहुन्थयो जितेश भाइलाइ । एन्फा पछि पनि उ मदन अङ्कलकोमा धेरै समयसम्म बसेको थियो । उसको टिमबाट खेल्न जादा उसको घरमा पनि बसेको छु म । मलाइ भाइको धेरैनै माया लाग्थ्यो र हामी निकै मिल्थ्यौ । उसले पनि मलाइ दाइ भनेर निकै माया र सम्मान गर्थ्यो । भेट नभएको धेरै भएको हो, कुरा नभएको धेरै भएको हो हाम्रो तर भेट र कुरा भन्दा पनि माथि छ हामी दाजु भाइको सम्बन्ध ।

उ अहिले पनि फुटबल खेलिरहेको छ । बुटवल जादा हाम्रो भेट त पक्कै हुनेछ र अहिले त उ मात्र होइन जुनियर जितेशलाइ पनि भेटेर माया गर्ने मन छ र उसलाइ काखमा राखेर बाबु ल सुन तिम्रो बाबाको र बाबाको साथिहरूको बारेमा भन्दै हाम्रो त्यो क्षणहरूको कथा सुनाउने मन छ ।

## जनम के.सी

बाग्लुङ्गबाट एन्फा आउदा ४ फिट ४ इन्चको जनम अहिले ५फिट १० दश इन्चको भएको छ । बाग्लुङ्गको आइचन र गइचन भन्ने भाषा होस्टेलमा फेमस थियो । जितेश भइ र जनम खुब मिल्थे र झगडा पनि उस्तै गर्थे । जनम सबैको प्यारो थियो ,सानो तर चतुर थियो । ग्लोरी जादा जिप अगाडी मिसको काखमा बसेर जान्थ्यो । उसको बाबा उ सानैहुदा कोरीया जानु भएको थियो रे र दश बर्ष पछि उसलाइ भेट्न उसको जन्मदिनमा होस्टेलमै आउनु भएको थियो ।

जनमलाइ सम्झिने वितिकै म ग्लोरी स्कुलको मटर पाउने क्यान्टिन सम्झन्छु । त्यो क्यान्टिनमा धेरै भिड हुन्थ्यो तर हामीसगं धेरै पैसा हुन्थेन । हामी हाफ टाइममा नम्किन मटर खान सुरुमा जान्थ्यौ र थपि थपि खाएर लाष्टमा १ प्लेटको मात्र पैसा दिन्थ्यौ । भिड धेरै हुनेभएकाले हामी कहिले पक्डिएनौ। थोरै पैसामा धेरै खाने आइडिया जनमले ल्याएको थियो ।

उत्पट्याङ्ग कामहरुमा टाठो थियो जनम । स्कुल नजानको लागी ढोका बाहिरबाट ताल्चा चाबी र झ्यालमा तन्नाको पर्दा लगाएर दिनभरी खाटमुनी बस्ने नया आइडिया जनमले निकालेको थियो । एकदिन त ऋषि अङ्कलले त्यो झ्यालमा पर्दा र ढोकामा चाबि लगाएको कोठा कस्को हो ? भनेर लाइन लगाएरै सोध्नुभयो हामी डराएको थियौ ला ! अब थाहा पाउनु भएछ क्यारे भनेर तर पछि अङ्कलले हाम्रो कोठाको उदाहरण दिदै सबैको कोठामा स्कुल जादा ताल्चा लगाउने नियम बनाइदिनु भयो त्यसपछि त झन स्कुल नजाने केटाहरु बढेका थिए । कालीगण्डकी नदीमा पौडी खेलेको भन्दै बुटवलको तिनाउ खोलामा आउने बाढीमा मज्जाले पौडी खेल्थ्यो जनम । मलाइ त्यति पौडी खेल्न आउदैनथ्यो त्यसैले म त किनारामा नै खत्रा खेलेको झै गर्थे ।

हामीहरुले ट्रेनिङ्ग जानु अघि माथि बाथरुममा सबै धारा खोलीदिएर पानी सकाइदिन्थौ र ट्रेनिङ्ग सकिएपछि पानी छैन भनेर तिनाउ खोलामा नुहाउन जान्थ्यौ । आखिर बुटवलको गर्मीलाइ खोलाकै पानीले शान्त बनाउन सक्थ्यो ।

ती दिनहरुमा उदय अङ्कलले हामीलाइ बेलुका बेलुका सेकुवा खुवाउन लैजानुहुन्थो तर त्यसको लागी कोइन टस गरेर जीत्नु पर्थ्यो र जित्ने जनम नै हुन्थ्यो । जनमले धेरै जित्यो भनेर कहिले काही उसले टस गर्नै पाउदैनथ्यो । स्कुल नभएको दिनमा केटाहरु लुकेर तास खेल्थे ।एक दिन तास खेलेर आएर गौरवलाइ जनमलाइ मुख छाडेर नराम्रो इशारा के गरेको थियो याम गुरुले देखिहाल्नु भयो त्यो दिन

जनमलाइ सजाय स्वरुप घाममै अभ्यास गर्यो । पढाइ भने पछि टाउको दुख्थ्यो जनमलाइ । स्कुल जानको लागी नया नया बहानाहरु निस्कने क्रम रोकिएन अझ , स्कुलमै भुल्ने बाटो पनि खोजेको थियो जनमले । खाजा खाने बेलामा जो स्कुल आएको हुदैन त्यसको भाग पनि खाने तर होस्टेलबाट स्कुल जानेबेलामा पहिले फिक्स गर्न पर्थ्यो आज "मैले यस्को खाजा खादैछु भनेर" , त्यसो गर्दा स्कुल नगएर लुकेर बस्नेलाइ र स्कुल गएर डबल खाजा खान पाउने दुबैलाइ फाइदा पुग्थ्यो । यस्तो चतुर आइडिया ल्याउन सक्ने जनम मात्र थियो । बेलाबेलामा अङ्कलहरुले हामीलाइ पिकनिकहरु लैजानुहुन्थ्यो । एकपटक फुलबारीमा भएको पिकनिकमा जनमले "जोरका झट्का हाए जोरो से लगा" भन्ने गीतमा तहल्कै मच्चाएको थियो , हुन त माहोल नै तहल्का मच्चाउने खाले नै थियो ।

सबैको प्यारो जनमको र मेरो मित्रता वाइन जस्तै जति पुरानो भयो उती नै मीठो हुदै गइरहेको छ । बुटवल छाडेपछि पनि फुटबल खेल्न म कहिले बाग्लुङ्ग त कहिले बेनि जादा जनमकै घरमा धेरै पटक बसेको छु । उसको रातो होन्डा युनिर्कन बाइक पनि मैले खुब चलाए त्यति बेला । एक पटक बेनी गेम खेल्न जादा मेरो एङ्कलमा चोट लागेकाले म्याच सकिएपछि पनि धेरै दिन सम्म्म जनमकोमा बसेको थिए । त्यति बेला बलेवा भन्ने ठाउमा पनि केटाहरु गेम खेलिरहेकाले जनमले मलाइ पनि "त न खेले पनि हिड न" भनेको थियो मैले पनि एक्लै बस्नुभन्दा पहाडको ठाउ हरियाली हेर्न रमाइलो हुन्छ सोचेर नजिकै हो भने जान्छु भनेको थिए । जनमले "अ त्यही पर हो १५, २० मिनेटमा पुगिन्छ" भन्यो र म पनि खुट्टामा ब्यान्डेज बानेर हिड्न थाले म । मालढुङ्गा सम्म गाडीमा गएर त्यहाबाट हामी हिड्न थाल्यौ सुरु सुरुमा हरियो धानबारी, सानो झरनाहरु देखेर मन आनन्द भएको थियो २ ४ वटा फोटो पनि खिचेको थिए मैले । अब आउला छैन , अब आउला छैन बास्तबमा टाढा नै रहेछ बलेवा । खुट्टा दुखेको र रिस पनि उठेकाले म जनमलाइ थकाइ मारेर हिडम भन्थे । केहि पर हिडे पछि एउटा दामी हरियाली ठाउ देखेर जनमले लगाइ रहेको आर्सनलको टिसर्ट खोल्न लगाए र त्यो टिसर्ट लगाएर धानबारीको बिचमा दुइहात फिजाएर फोटो खिचे । एक ताका फेसबुकमा खुब मार्केट ततायो त्यो फोटोले । वलेवा जादा बाटोमा फलेका भोगटेहरु त्यहाका आमाहरुसगं मागेर खादै गएको थिए केटाहरु गेम खेले म भने शितलमा बसेर भोगटेको मज्जा लुटेको थिए ।

बुटवल पछि जनम केही बर्ष धरान गयो त्यसपछि जापान गयो । अहिले उ जापान मै बस्छ । बर्ष बर्षमा नेपाल आउने गर्छ । म पनि काठमाण्डौ मै बस्ने

भएकाले हाम्रो भेट हरेक पटक हुने गर्छ । काठमाण्डौमा हाम्रो साथीहरु कोहि छ भने हामी एक ठाउमा भेट भएर रात भर रमाइलो गर्छौ । जहा भेला भएपनि सगैं हुदा "सधै सधै आइरहन्छ तिम्रो यादहरु" भन्ने गीत अनिवार्य बजाउनु पर्छ हामीलाइ । खै किन हो कुन्नी ? त्यो गीत सुन्ना साथ हामी बुटबलको एकेडेमी पुग्छम र फेरी एक पटक त्यो पललाइ जिउछम् । सायद गीत भन्दा पनि ती सगं जोडीएका पलको कारणले हामीलाइ मन पर्छन गीत संगीतहरु । जनम जापानबाट आउदा मेरो लागी हरेक पटक एउटा जुत्ता ल्याएको हुन्छ । म पनि ती जुत्ताहरुलाइ निकै माया गरेर लगाउछु ।जनमको र हाम्रो समुहको सबै मिलेर मुक्तिनाथ जाने प्लान आज सम्म प्लानमै सिमीत छ । अबको पालि जनम नेपाल आउदा हामी मार्दी पनि ट्रेकिङजाने सोच पनि बनाएको छौ ।

उ नेपाल आउदा मिलेसम्म हामी सबैलाइ भेटेको हुन्छ । यादहरूलाइ जिवन्त बनाउन उसले महत्वपुर्ण भुमिका खेलेको छ हाम्रो ग्रुपमा । एक पटक जनम सबैलाइ भेट्न भनेर बुटवल पनि गएको थियो । उसले त्यतिबेला प्राय अनुकुल मिलका सबैलाइ भेटको थियो । म भने कामले गर्दा जान पाएको थिएन तर केटाहरूले फोटो पठाउदा मनमा अलग्गै किसीमको खुसी मिलेको थियो। हामी सबै एक पटक भेट्न चाहान्छम तर खो अवस्था र समयले कस्तो रोल खेलिदिने हो त्यो चिन्ताको विषय बनेको छ ।

मेरा कामहरुमा जनमले जहिले साथ दिदै आएको छ । हामी दुवै आर्सनलको फ्यान त्यसैले कहिले काहि सुख र कहिले दुख पनि सगै पोख्छौ हामी । मलाइ हौसला , माया र साथ दिदै आएको छ उसले । केही समस्या पर्योभने सबैभन्दा पहिले म जनमलाइ नै सम्झनु उसले पनि भन्ने गर्छ निराश नबन् मामे म छु नि । उसले त्यति भनिदिदा पनि निकै राहत मिल्छ यो मनलाइ । हामी सबैजना टाढा टाढा छौ तर हाम्रो केटाहरुलाइ सुरुमा एउटै ग्रुपमा ल्याउने पनि जनम नै हो । आखिर शरिर पो नजिक नभएको हो त ! मनमा रहेको यो दोस्ती त सधै उस्तै रहदै आयो ।

## मनकाजी गुरुङ

पोखराको मनकाजी गुरुङ्ग सानो भएपनि लास्टै बाठो थिए । ठुलो शहरको भएरपनि होला कुराहरुले लट्टै बनाउन सक्थे उनले । साहै्र रमाइलो मान्छे हुन उनी । झगडा गर्न पछि नहट्ने ,निडर अनि मनको असल थिए उनी ।

मनकाजी हाम्रो ग्रुपको एउटा निडर साथि थिए । हामीले ग्रुपमा हुदा एउटा गीत गाउथ्येम । उदय अङ्कलले हामीलाइ रमाइलो गर्नकोलागी गीत गाउन लगाउनुहुन्थ्यो । हामी जहा भएपनि जो मानिस सगं भएपनि ल मनकाजी सुरू गर भनेर भन्नुहुन्थ्यो अनि मनाकाजीले भाका निकाल्थे "गुरासै फुल्यो बनैमा " हामी भने पछि पछि लय समाउदै गाउथ्येम ।

एन्फा पछि हाम्रो भेट एक पटक मात्र भएको छ । हाम्रो धेरै भेट त हुदैन नत कुराकानी नै बाक्लो हुन्छ तरपनि म ढुक्कसगं भन्न सक्छु कि ,जुनदिन हामी भेट्ने छौ त्यसदिन वितेका दिनहरु याद गर्दै देविनगरको होस्टेलमा पुग्नेछौ । सर होस्टेलमा नभएको बेला सिडी किनेर ल्याएर फिलिम हेरेका पलहरु,स्कुल बसमा स्कुलकको केटाहरुसगँ झगडा पर्दा उडेर हानेको क्षणहरु सम्झिएर हामी रमाउने छौ । जे होस ढिलो चाडो जहिले भेटभएपनि हामीसगं गर्ने कुराहरु प्रशस्तै छन् भेटे पछि मनकाजीले अगाडी "अगाडी गुरासै फुल्यो बनैमा" भन्ने छन् अनि हामी पछि पछि उनीलाइ पछ्याउदै भाका समाउने छौ ।

## सृजन श्रेष्ठ

सृजन बुटवलको हो । सुरुका दिनहरुमा ड्याडीको बाइकमा  नियमित ट्रेनिङ्ग गर्न आउथ्यो । सुरुका दिनहरुमा डिफेन्स खेल्थ्यो उ । अग्लो भएकाले विक्रम गुरुले किप्पर खेल्न सिकाउनु भएको थियो । लकले उसलाइ साथ दिन्थेन त्यसैले म्याचहरु खेल्ने बेलामा चोटपटक लाग्ने गर्थ्यो उसलाइ ।

अरुकेटाहरु भन्दा फरक थियो सृजन तर राम्रो थियो । हासो मजाक पनि नगर्ने त होइन तर पनि खै भिन्न थियो ग्रुपमा । सायद किप्परहरु तिनै जना नै भिन्न थिए, आफु आफु मिल्थे । बुटवलकै भएकाले स्कुलमा उसको बच्चा बेलादेखिको साथिहरु पनि थिए , उनिहरु सगै मिल्थ्यो र होस्टेलका केटाहरुले जिस्काउथे । उसको ड्याडीले साह्रै सर्पोट गर्नुहुन्थ्यो उसलाइ । किप्पर भएकाले पनि माटोमा डाइभ हान्दा हान्दा लुगा मैलो हुन्थ्यो । उसलाइ लुगा धुन आउथेन त्यसैले सुरुका दिनहरुमा त ड्याडीसगँ आफ्नो लुगाहरु धुनकोलागी पठाउने गर्थ्यो ।

एन्फा पछि पनि हाम्रो भेट धेरै भएको छ । उसको घर,उसको परीवार आफ्नै लाग्छ मलाइ । एन्फामा हुदा दिदीले हामी सबैलाइ राखि लगाइदिनुहुन्थ्यो ।

हाल पनि खुट्टामा फेरी चोट बोकीराको छ । जिवनमा धेरै कुराहरु प्रयास गर्यो तर भाग्यले साथ दिएको छैन , एकदिन त पक्कै राम्रो हुनेछ । हामी त सधै यस्तै हो  जहा जहिले भेटेपनि त्यही मजाक, एक अर्कालाइ जिस्काउने , रमाइलो गर्ने हो नि होइन र ?

## गोमित यादव

जनकपुरको गोमीत हाम्रो होस्टलमा मैथली र भोजपुरी गीत गाउन सिपालु थिए । अङ्कलहरुको अनुरोधमा हामी सबैको बिचमा उनले “ताडी वाली ताडी पियादा”, “ललिपप लागेलु” जस्ता गीतहरु गाउथे । पढाइमा अब्बल नै थिए गोमित । सुरुका बर्षहरुमा घमौरा र पिलोले अतिनै सताएको थियो उनलाइ। म भन्दा १ कक्षा तल पढ्थे उनी ।

गोमितको फुटर्वक कमालको थियो । उनको बललाइ कन्ट्रोल गर्ने क्षमताको गुरुले हामीलाइ उदाहरण दिनुहुन्थ्यो । किरण र सम्राटले गोमितलाइ जिस्काउथे ।

बुटवल पछिपनि हाम्रो भेट भएको छ । म उनको घर जनकपुरपनि गएको छु । उनी सगं जनकपुर घुमेकोमात्र होइन उनको लोकल टिमबाट खाली खुट्टा एउटा म्याच समेत खेलेको छु । जनकपुर गएर पनि म जानकी मन्दिर भित्र गएन कि न की मलाइ फेरी एकपटक जनकपुर जानु मन छ र मज्जाले त्यहाको जानकी मन्दिरको दर्शन गर्न मन छ । उनको ममी बाबा सगंपनि राम्रै चिनजान छ मेरो । धेरैपछि किरण ,गोमित र म सुन्धरामा भेटेका थियौ र खुब रमाइलो कुराकानी गरेका थियौ ।त्यसैगरी जनम,बिमल,गोमित र म बुढानिलकण्ठमा भेटेका थियौ त्यो रात पनि गीत गाएर ,खुब रमाइलो गरेका थियौ ।

उनले फुटबल चटक्कै छाडेका छन् । हाम्रो भेट समय अनुकुल रहदा सम्म भैरहने छ । हामी भेटेर रमाइलो गर्दै होस्टेलका दिनहरु याद गर्नेछौ र केटाहरुको विल्ला गर्दै समय विताउने छौ ।

## किरण शाही

किरण मान्छे साझो देखिए पनि तर टाठो छ । चकचके स्वभावको थियो उ । फुटबल खेल्ने बेलामा खुब मिहिनेत गथ्र्यो । रोनाल्डोको डाइहार्ट फ्यान थियो । किरणको घर पनि मङ्गलापुर हो । पढ्न खासै मन गर्थेन उसले । होस्टेल हुदा रोशन र किरण लास्टै झगडा गर्थे । रोशनलाइ धेरै विल्ला गर्नेपनि किरण नै हो । विक्रम गुरुले किरणलाइ धेरै माया गर्नुहुन्थ्यो । विक्रम गुरुको साइबर सटको झटारो भेट्ने पनि किरणनै हुन्थ्यो ।

ग्लोरीमा पढ्दा नेपाली बोल्न पाइदैनथ्यो बोल्यो झ्याम झ्याम कुटाइ खाइन्थ्यो । एक दिन हाफ टाइममा किरण र म ६ कक्षामा यतिकै गएको थियौ । एउटा बहिनीले ठुलो स्वरमा किरणलाइ थर्कायो । किरणलाइ नि रिस उठेर इग्लिसमा गाली गर्दा चिचाउदै "बाट इज यु" भनेको थियो । त्यपछि त्यो बहिनीको नाम नै "बाट इज यु" भएको थियो । आज पनि हामी किरणलाइ जिस्काउदा त्यही वाट इज यु भनेर जिस्काउछौ

केटाहरुले स्कुल नजानको लागी नया नया तरीकाहरु खोज्थे । एकताका राती सुत्नेबेलामा काखीमा प्याज हालेर सुत्ने अनि विहान उठ्दा ज्वरो आएको छ भनेर स्कुल नजाने चलन चलेको थियो ।

तिनाउ खोलामा जस्तोसुकै बाढी आउदा पनि खोलामा नुहाउन पछि हट्थेन । एक पटक खोलामा गहिरो ठाउ छ भनेर जोशै जोशमा डाइभ हान्यो तर पछि निस्किदा पो घुडा र टाउकोमा चोट बोकेर निस्केको थियो । आफ्नो गल्ती नभए पछि जो सगंपनि बोल्न डराउदैनथ्यो उ । होस्टेलमा तेकवान्दो खेल्न आउने एक जना बहिनीलाइ किरण भनेर जिस्काउथेम हामी पछि त झण्डै लभ नै परेको थियो उनीहरुको ।

होस्टेलबाट खाना खाएर पनि सगंम चोकमा रहेको पकौडा पसलमा गएर पकौडा मटर खान्थ्यौ हामी । पछि पछि त उदारो खाता नै खोलेम । केटाहरुले आफुले खाएर अरुको नाममा उदारो राखिदिन्थे त्यसमा किरणले रोशनको नाममा पनि धेरै उदारो राखेको थियो ।

किरणको घरमा पुगेको छु म । उसको ममीले पनि माया गर्नुहुन्थ्यो मलाइ । होस्टेल छाडेपछि किरणले बाइक किन्यो ,ट्रयाटु हान्यो मज्जाको ज्यान बनायो । हाल उ पनि इन्डियन आर्मीमा छ ।

किरण र मेरो २ पटक काठमान्डुमा भेट भएको छ । एक पटक त उ फुटबल बुट किन्ने बहानाले आएको थियो । त्यतिबेला उ र म भएर सिम सिम पानीमा रूझ्दै दरबारमार्गमा रहेको नाइकी र एडीडास सोरूम चारेका थियो । मलाइ एडिडास मनपर्ने भएर पनि उसलाइ एडीडासको सोरूममा लएर एउटा फुटबल बुट किनेका थियम हामीले ।

म बुटबल गएर एक कल गर्ने वितिकै भेट्न आउथ्यो किरण । समय गाह्रो भएपनि दोस्तीले हरेक परीस्थितीलाइ सहज बनाइदिदो रहेछ । हाम्रो दोस्ती होस्टेल हुदा झै अझै पनि त्यस्तै छ । कहिले कहिले मलाइ म्यासेज गर्छ अनि व्यतिगत काम गर्दैन भन्छ म पनि उसको काम गरीदिन्छु । हाम्रा कुराहरू हासो मजाकका साथै व्वहारिक पनि हुन्छन । हामी छिटै भटेर त्यो बेलाको रमाइलो क्षणहरूलाइ याद गर्दै रमाउनेछम भन्ने विश्वास छ मलाइ ।

## मिलन हितान मगर

गोलपार्क बुटवलमा बस्थे मिलन । हाम्रो व्याचमा निकै राम्रो फुटवर्क थियो उनको ।उनले  जिवनको भाग दौडमा धेरै उतार चढाब भोगे । विजय गुरुङ्ग दाइको ठुलो प्mयान थिए ,त्यसैले गेम खेल्दा होस् या टे«निङ्गगर्दा होस् उनलाइ विजय दाइ भनेर बोलाउदा खुसी हुन्थे ।

बुटबलमा एक्लैले विल्ला गरेर केटाहरुलाइ हैरान बनाउन सिपालु थिए । गर्मी ले गर्दा हो या उनकै छालाको कारणले उनलाइ पिलोले धेरै सताउथ्यो ।े जिवनलाइ ,दुखलाइ बुझेका थिए उनले । अप्ठ्यारो परीस्थितीमा पनि मुस्कुरमउन सक्ने क्षमता थियो उनको ।

एस.एल.सीको पुरक परीक्षा दिएर काठमाण्डौ फर्कने बेला दुर्घटनामा परेका थिए उनी । त्यसबेला पनि हामी भेट्न जादा हामीलाइ वरीपरी राखेर हसाएका थिए ।

एन्फा पछि भारतीय आर्मीमा भर्ती हुनको लागी निकै मिहिनेत गरेका थिए मिलनले । एक पटक त सबैमा पास भएर खुसी हुदा  पनि उमेर नपुगेकाले फालिनुपर्दा भक्कनो फुटाएर रोएका थिए । मिहिनेत गरेर नथाक्ने मिलनले पछि फेरी भारतीए आर्मीमा कोसिस गरे र हाल उनी भारतीय आर्मीमै छन् ।

एकपटक म बुटबल जादा उनी विदामा आएका थिए त्यतिबेला हामी बुटबलमा भएका केटाहरु सबै भेटेका थियौ । मजाक गर्न कुनै हद नछोड्ने तर जिवनको दुखलाइ बुभ्ाने साथिहरुमा पर्छन मिलन ।

आशा छ हामी फेरी भेटेर रमाइलो गर्ने छौ । म विजे दाइ भन्ने छु अनि उनि हजुर... भन्ने छन र हामी एकैपटक दिल खेलेर हास्ने छम् ।

## रञ्जन थापा

पोखराको रञ्जन आफ्नै पाराको तर रमाइलो मान्छे थियो । ट्रेनिङ्ग गर्ने बेला मिहिनेत गर्ने तर बिरामी भैराख्ने गर्थ्यो । एउटैखुटमा २ वटा मोजा लगाएर खेल्ने बानी थियो उसको । मैले सोध्थे " ओए रञ्जन एउटै खुट्टामा २ वटा मोजा लागाउदा गाह्रो हुदैन तलाइ ?" उ भन्थ्यो "नाइ यार , मलाइ त यसरी नै सजिलो हुन्छ । " लास्ट डिफेन्स र राइट डिफेन्स दुवै पोजिशनमा खेल्न सक्थ्यो उ । बल र दिमाग लगाएर खेल्थ्यो उ ।

हामी उसलाइ अठार भनेर बोलाउथ्यौ । केटाहरु ,गुरुहरु संगै हुदा पनि टोपिभित्र फोन राखेर सासै सासमा बोल्न सक्ने अदभुत कला थियो उसंग । त्यसैले सविले उसलाइ सासे भनेर जिस्काउथ्यो । हामी एउटै कक्षामा पढ्थ्यौ । पढाइमा खासै रुचि राख्थेन तर फुटबलमा ज्यान दिएर खेल्थ्यो ।

याम गुरुले रञ्जनलाइ माया गर्नुहुन्थ्यो । रञ्जनले पोखराको र बुटवलको तुलना गर्दै रुपन्देहीको केटाहरुलाइ जिस्काउथ्यो । होस्टेलमा उसको भाषा "जक्खड" "हेभ्भी" भन्ने चर्चित थियो । बुटवल पछि हामी काठमाण्डौमा पनि संगै थियौ ।

कक्षा १० को हामी १२ जनालाइ पढाइमा असर पर्छ भनेर किचन छेउको ठुलो हलमा बस्ने व्यवस्था गर्नुभएको थियो । राती राती सम्म पढ्ने बानी बसेको थियो हाम्रो । राती राती पढेको छ की छैन भनेर सन्तोष सरले हामीलाइ बेलाबेलामा हेर्नुहुन्थ्यो । हामी पनि सरले चेक गर्ने समय सम्म पढेझै गर्ने र त्यसपछि खेल्ने गफ गर्ने गर्थेम । पछि पछि हामीले राती पनि कसरी रोमाञ्चक बनाउने भनेर अन्डा चोर्ने योजना बनायम । त्यस योजनाको लिड रञ्जनले नै लिएको थियो ।

जुक्ति के थियो भने हामीले साझनै स्टोरको चावी लुकाउथिएम र राती भएपछि  सुटुक्क चाबी खोलेर अन्डा बनाएर खान्थेम । सुरू सुरूमा त हामी १० कक्षाको मात्र हुन्थेम तर पछि अरू केटाहरूले थाहा पाएपछि जनम , विमलहरू पनि सामेल हुन्थे  । त्यसरी हामीले धेरै दिन सम्म काम चलाएम । वर्षको अन्तिम समय भएको भएर पनि अन्डा घटेको कसैले चाल पाउनु भएन ।

नियतिको खेलले एस.एल.सीको कम्पाट दिन बुटवल आएर काठमाण्डौ फर्कदै गर्दा गाडी दुर्घटनामा परी ज्यान गुमाएको थियो उसले । हामी काठमाण्डौमा त्यो खबर सुनेर २,३ दिन ट्रेनिङ्गमा ध्यान दिनै सकेका थिएनौ ।

भन्छन जिन्दगी के हो र ? "ह्व्वात्त ढल्यो स्वात्त गयो, मान्छे बाच्ने त आफ्नो कर्मले हो" । सायद त्यसैले होला रञ्जनको यादहरु सधैभरी जिवित छ हामी माझमा, हाम्रो मन र हाम्रो मष्तिस्कमा ।

"ढिलो चाडोको कुरा त हो यार! एकदिन हामी फेरी भेट्ने छौ र त्यही ठाउमा एउटा दामी टिम बनाएर खेल्ने छौ । म आउदा तलाइ सजिलो होस भनेर २ जोर मोजा पनि ल्याइदिउला । सगै खेलौला , रमाउला । माथि देखि देविनगरको हाम्रो कोठाहरु हेरौला अनि गीत गाउला नि है ?

## शिव सुवेदी

शिवसगं त मेरो अनौपचारीकरुपमा चिनजान सेलेक्सनको बेलामै भएको थियो। होस्टेलमा पनि हामी छिट्टै नजिक भएका थियौ । मिहिनेत गर्न पछि नहट्ने र चतुर दिमाख थियो उनको । होस्टेलमा सबैभन्दा धेरै काम गर्ने उ नै हुन्थे । बगैचा बनाउन, कहिलेकाहि पार्टि हुदा किचनमा काम गर्न, कोठाहरु मिलाउन जस्ता सबैकाममा शिव अगाडी हुन्थे । ग्लोरी स्कुलको पहिलो दिनमा नै बाला सरको पिटाइ शिवले नै खाएका थिए त्यस पछि ग्लोरी पढ्दा सम्म सायद सबैले एक न एक पटक पिटाइ खायौ होला ।

पढाइमा माथि पुग्न पर्ने भएपनि सरकारी स्कुलबाट बोर्डिङ्गमा आएकाले केही कक्षा तल घटेर पढेका थिए । । एक पटक शिवहरुको कक्षाबाट डान्स गर्ने कुरा भएको थियो त्यो सुनेर विक्रम गुरुले केटाहरुलाइ "तिर्खा लागे निर्माया भन्ने" गितमा नचाउनु भएको थियो । शिवले हाम्रो होस्टेलको कुकुरहरु लेडी र डेनिलाइ खुबमाया गर्थे पछि पछि त शिवलाइ देख्ने वित्तिकै खुट्टा उचाल्थे तीनीहरु ।

एकपटक सन्तोष सरले केटाहरुलाइ प्यारापिटमा राखेर पालै पालो पढेको कुरा सोध्नु भएको थियो । शिवको पालिमा त गाली समेत गर्नुभएको थियो । त्यतिबेला सरको गालीले गर्दा शिवलाइ खुब रिस उठेछ क्यारे , प्यारापिट चढ्ने सिडीबाट उल्टे जिम्न्याष्टिक हानेका थिए । त्यसपछि त केटाहरुले शिवलाइ केही भयो की "शिव उल्टे हान्दे" भन्दै जिस्काउथे । म्याचमा पनि ज्यान दिएर खेल्ने खेलाडी थिए उनी । गोल गर्न सक्ने क्षमता थियो उनको ।

हामी एउटै कक्षामा थिएनौ तर स्कुलमा हुने काण्डहरुमा सधै साथ दिन्थ्यौ । एक पटक ग्लोरीमा पढ्दा केटाहरु म्याराथुनमा भाग लिन गएका थिए । त्यो प्रतियोगितामा गौरवले जिति सक्न लागेको थियो तर शिव पछाडीबाट दौडदै आए अनि गौरबको हातमुनिबाट छिरेर आफु प्रथम भएका थिए । जस्तो स्थानमा पनि आफ्नो स्थान बनाउन सक्ने खुबी थियो उनको ।

खोलामा जादा मलाइ छेउ छेउमा पौडीखेल्न सिकाउने पनि शिव नै हुन । एक पटक मेरो खुट्टाको रौ हटाउन के के क्रिम लगाइदिएका थिए शिवले तर एउटा खुट्टामा मात्र पुग्ने क्रिम भएकाले मेरो अर्को खुट्टामा रौ नै थियो एउटा भने

चिल्लो भएको थियो ।केटाहरूले मलाइ खुबजिस्काए त्यतिबेला त्यसैले धेरैदिनसम्म त मैले मेरो खुट्टा नै देखाइन ।

एक दिन स्कुलमा झगडा पर्दा एन.बी सरको कुटाइ खाएर उनको हात प्mयाक्चर भएको थियो । त्यतिबेला शिवले "हामी सबै एक हो । यदी एन्फाको केटाहरुलाइ कसैले केहि गर्छ भने सबै मिलेर कुट्छौ । हामी एउटै ठाऊमा बस्छौ, एउटै थालमा खान्छौ एउटालाइ लाग्दा अर्कोलाइ दुख्छ" भनेर भनेका थिए । एक पटक मेरो खुट्टामा ठेला परेर मैले पाइतालाको मासु नै काटेर फालेको थिए । राम्रोसगं हिड्न सक्थेन मैले । त्यतिबेला होस्टेलको गेटबाट मलाइ बोकेर कोठासम्म पुर्याएका थिए उनले । त्यो समय म व्यक्तिगत समस्याबाट लडीरहेपनि उनले मलाइ निकै स्याहार गरेका थिए । उनके त्यो माया र साथप्रति म सधै अभारी छु ।

हाल शिव इन्डियन आर्मीमा छन् । उता आर्मीमा पनि मिहिनेत गर्न छाडेका छैनन रे । हामी एक अर्कालाइ जुट्टी भनेर बोलाउछम् । जस्तो सुकै भएपनि जिवनलाइ परीवारलाइ बुझेका छन शिवले । दुख भोगेर दुखलाइ बुझेका छन् । पहिला जस्तो नियमित कुरा त हुदैन हाम्रो किनकी दुवै आफ्नै जिवनमा व्यस्थ छौ । कहिलेकाहि कुरा हुदा मैले शिवको त्यही ११ वर्ष अघिको बानी ,बोली चाली र माया पाउछु ।

## सोजित गुरूङ

हामी भन्दा केही ढिलो आएको थियो होस्टेमा सोजित । ठुटीपिपलको उ एन्फामा आउदा थाल , चम्चाहरु आफै बोकेर ल्याएको थियो । वुटवलको टिममा लास्टै लक्की खेलाडी थियो उ । होस्टेलमा आउदा डिफेन्स खेल्थ्यो सोजित तर हाइट राम्रो भएकाले विक्रम गुरुले उसलाइ गोलकिप्पर खेल्न लगाउनुभएको थियो । एक दिन होस्टेल बार्डेनले कोठाहरु चेक गर्दै आउदा तन्ना ओडेर बसेको सोजितको तन्ना फालिदिदा सोजितले लुगा लगाएको थिएन । त्यो देखेर वार्डेनको गाली समेत खाएको थियो उसले

उसको हसिलो अनुहार थियो । पढाइमा मिहिनेत गर्थ्यो उसले । गोल किप्पर खेल्न थाले पछि निकै मिहिनत गरेको थियो । सायद उ बेलामा गरेकै मिहिन्तका कारण आजसम्म उसको नाम पनि चर्चित छ । उसले त रूपन्देही ११ बाट धेरै प्रतियोगिताहरू खेलेको छ । एक पटकको तिलोतमा गोल्ड कपमा उत्कृष्ट खेलाडी भएर एउटा स्कुटर समेत पाएको थियो । त्यही तिलोतमा गोल्डकप हुदा हामी बल व्वाय बस्थ्येम तर आज हाम्रै साथिले त्यस प्रतियोगितामा उत्कृष्ट हुनु आफैमा ठुलो उपलब्धी हो।

एन्फा पछि हाम्रो कहिले काहि भेट हुन्थ्यो कहिले एउटै टिमबाट त कहिले विपक्षी टिमबाट कति म्याच पनि खेल्यौ हामी । हाम्रो भेट हुदा हामी विल्कुल पहिलाको जसरी एकअर्का सगँ हासो मजाक गर्ने र एक अर्काको कामको बारेमा कुरा गर्ने गर्छौं ।

## विशाल परियार

मिहिनेती र माया लाग्दो थिए विशाल । हामी सबै उनलाइ मायाले शील भनेर बोलाउछौ त्यसरी बोलाउदा उनी पनि खुसी हुन्छन् । मिहिनेत गर्दा गर्दै लकले साथ नदिने अरु केटाहरु जस्तै विशाल पनि एक हुन् । । विशालले सबैलाइ माया गर्थे । केटाहरुलाइ फकाउन पनि सिपालु थिए । एक दिन बिशालले गौरबलाइ "मेरी गौरवीले मलाइ माया गर्छिन्" भन्दै फकाएको थिए । त्यसपछि त उनलाइ हामी सबैले त्यही भाकामा जिस्काउन थाल्यौ । विशालले हाम्रो ट्रेनिङ्गमा सबै भन्दा आत्मघाती गोल खाएको छन होला र सबै भन्दा धेरै गोल गर्ने अरु कोहि नभएर सुदन थिए । एक दिन त अति भएर विशालले सुदनलाइ "तलै मलाइ मात्र गोल हान्छस है" भन्दै रिसाएको थिए । तर पेनाल्टीमा ढुक्कसगं जिताउन सक्थे विशालले ।

त्यतिबेला बाया खुट्टाले बल टाढा पुर्याउन विशालले नै सक्थे । मङ्गलापुर हो उनको घर । अहिले हामी बिच कम कुरा हुने गर्छ । व्यक्तिगत रुपमा धेरै अघिबाट हाम्रो कुराकानी हुन छाडेको थियो। विशाललाइ मिलनले जिस्काएर सताउने गर्थे ।

एक ताका त उनले चित्रहरू बनाएर फेसबुकमा हालिरहेका हुन्थे । तर हाल त उनी कामको शिलशिलामा साउदी अरबमा भएकाले होला आजभोली खासै चित्र बनाउदैनन् । आफ्नो जिवनको यात्रा गरीरहेका छन् । धेरै कुराकानी नभएपनि हाम्रो बोलीमा, मायाको मिठासमा कहिल्यै कमी आउने छैन ।

## सम्राट ब्लोन

मामे भनेर बोलाउछ्म हामी एकअर्कालाइ । मेरो पहिलो रुममेट थिए सम्राट । पहिलो पटक बफको ड्राइमिट मलाइ उनले नै दिएका थिए । रोशनले सुरुका दिनहरुमा सम्राट भन्न नजानेर कहिले मार्सल आर्ट त कहिले स्मार्ट भन्थ्यो । चकचके तर रमाइलो मान्छे थिए उनी ।

उनी स्ट्राइकर खेल्थे र लडेर , घिस्रेर भएपनि गोल गर्न सक्थे । म्यानचेष्टर युनाइटेड र रुनीको कडा फ्यान थिए उनी । मजाक गर्दा बोलीले र बिच बिचमा पञ्चलाइन हानेर हसाउन सक्ने कला थियो उनीसगँ ।

काभ्रे बनेपाको सम्राटलाइ भेट्न होस्टेलमा बाबा, बाजे , ममी बहीनीपनि आउनुभएको थियो । शहर बजारमा हुर्केको भएर होला धेरै कुरा थाहा थियो उनलाइ । गोह्लो , फुच्चे फुच्चे तर माया लाग्दो थिए उनी । पढाइमा उनी खासै ध्यानदिदैनथे । कहिले कहिले भन्थे "कुनै कुनै विषयहरु त मैले जति गर्दा नि बुझ्दिन यार" ।

सम्राटले सानो बेला स्कुलको शिवीरमा ५ रुपैयामा दात बनाएको कहानी सुनाउथे ।

उनीसगं एन्फापछि धेरै भेट त हुन पाएन तर ललित म, सम्राट र उसको साथि भएर बालुवाटारमा लगातार ३ घण्टा फुटसल खेलेर जावालाखेलमा रहेको स्वादिष्ट म:ममा टन्नै म:म खाएका थियौ ।

हाल उनी जापानमा छन् । सम्राट जापान जानेबेलामा म धुलिखेलमा म्याच खेल्न गएको थिए त्यसैले एयरपोर्टमा भेटेन पाएन तर हाम्रो ग्रुपमा कुराहुदा रमाइलो गर्छन उनले । सायद समय अनुकुल भयो भने हाम्रो भेट हुनेछ । कुराहरु हुनेछ आफ्नो बारेमा, भविष्यको बारेमा तर हामी रमाउने छौ विगतका पल सम्झेर ।

## रोशन गुरूङ

बुटवल एकेडेमीको सबैभन्दा प्रख्यात नाम हो रोशन गुरुङ्ग । टिकुलीगढ रुपन्देहीको हो रोशन । पढाइ र उसको बिचमा खासै केही जम्न सकेन ।पढ्न मन नगरे पनि स्कुल जादा टिप टप बनेर उसैलाइ जान पर्थ्यो । ड्रेसमा आइरन हरेक दिन गर्न पर्थ्यो । आइरन धेरै गरेर स्कुलको निलो सर्टमा रातो पाइन्टको कलर नै सारेको थियो । १०० मीटर दौडमा छिटो कुद्ने उही थियो । । जोश जागरले भरिएको रोशन झगडा गर्न र लड्न कहिले पछि परेन । साथि भने पछि ज्यान दिने गर्थ्यो उ ।

साथिहरु सबैको प्रिय छ रोशन तयसैले हाम्रो ब्याचमा सबैभन्दा बढी जिस्काउने नाम उसकै छ । ग्लोरीमा पढ्दा शान्त भएर सबैभन्दा अघि बेन्चमा बस्थ्यो । एकदिन विनोद सरले केही प्रश्न सोध्दा उसले भन्न नसक्दा सरले गाली गरेपछि मन दुखेछ क्यारे मनको चोट आखाबाट निकालेको थियो । रातो रङ्गको टोपीलाउदा स्प्रीङ्ग टोपी भन्दै उसकै विल्ला हुन्थ्यो । रोशन कक्षामा त्यती बोल्थेन । एक त त्यहा नेपाली बोल्न पाइदैनथ्यो । खाजाको समयमा हामी हामी केटाहरु नेपालीमा बोल्दा पनि सरलाइ सिकायद गर्दिन्थे त्यहा बिद्यार्थीहरुले । स्कुलमा शान्त भएपनि जीपमा र होस्टेलमा त उसकै चल्थ्यो ।

किरणले रोशनलाइ हैरान बनाउथ्यो । अहिले पनि दुइजना त्यस्तै छन् ।

एकदिन हामी ट्रेनिङ्गको बेला हामी हामी म्याच खेलिरहेको थियौ त्यसबेला रोशन आकाशसगं ठोकिएर होस गुमाएको थियो । अङ्कलहरु भन्नुहुन्थ्यो पहाडसगँ टेम्पो ठोकियो । त्यस रात उसलाइ केहीकुराको होस थिएन । त्यति भएपछि केटाहरुलाइ के चाहियो । मोजा सुघाए, विल्ला गरे , सुन्तलाको बोक्रा खान दिए । यतिसम्म भने की तिम्रो अन्डा त हरायो ला अब के हुन्छ । विचराको दिमाग मा के पसे छ कुन्नी मध्यरातामा रुममेटलाइ उठाएर अन्डा खोज्न जाम न भनेको थियो ।

एन्फामा सुरुका दिनहरुमा भैसीको मासु खान्थेन तर पछि त उ किलर भएर निस्कियो । यति सम्मकी एक पटक त धेरै मासु खाएर बिरामी नै परेको छ । हुनपनि केटाहरुले आफुले कचौर माझ्न पर्छ भनेर हो या साच्चिकै माया गरेर हो । आफुहरुले २ ३ पीस खाएर कचौरा सहित रोशनलाइ दिन्थे । खाना

खाएर उठ्ने बेलामा त उसको थालको वरीपरी ७,८ वटा कचौरा हुथ्यो । हाइटमा सानो भएपनि उसको शरीर बलियो थियो ।

वार्डेनसगँ धेरै पटक झगडा परेको छ उसको । एक शनिबारको दिन थियो , कालु दाइको र सरको "पढेको की सढेको" भन्नेकुरामा झगडा परेको थियो त्यो झगडा छुट्टाउन रोशन अघि सरेको थियो सरको रिसमा रोशन परेको थियो अनि २ जनाको झगडा भएको थियो । सर भन्नुहुन्छ "त सुत , त सुत" उ आखा तरेर उठ्छ । त्यो काण्डले गर्दा आजसम्म पनि उसलाइ हामी "त सुत" भनेर जिस्काउछौ । एक ताका होस्टेलमा गोह्लो बन्नको लागी राती सुत्ने बेला अनुहारमा पाउडर लाउने हावा चलेको थियो । एक रात सर कोठामा चेक गर्न जादा रोशनको अनुहार भरी पाउडर देखेर तर्सिनु भएको थियो ।

इलिटमा पढ्दा एक जनालाइ खुबमाया गर्थ्यो र एक दिन उपहार समेत दिएको थियो तर उताबाट उपहार नस्विकारेपछि मन दुखोउदै "कि न र" भन्दै सोधेको थियो । एक लट त मनपरेको केटीको नाम हातमा कम्पासले लेख्ने चलन खुब चलेको थियो होस्टेलमा त्यही बेला स्कुलमा होली खेल्यो भनेर खेल्दा खेल्दै माहोल बढीरहेको थियो । त्यो थाहा पाएर एन.वि सरले धेरैलाइ कुट्नु भएको थियो । त्यतिबेला पनि रोशन बलिको बक्रा भएको थियो । त्यो दिन सरले ठुलो स्वरमा "व्हेन इज होली" भन्दै यस्तो नमीठो सगं पिट्नु भयो कि भोली पल्ट हामी होस्टेलमा होली खेल्दा समेत ,ह्याप्पी होलीको साटो व्हेन इज होली भन्दै एक अर्कालाइ रङ्ग लगाएका थियौ । रोशनलाइ स्कुलको केटीहरुले मायाले मुसी भन्थे ।

हाम्रो व्याचमा सबैभन्दा पहिले ट्याटु हान्ने नै उही थियो , रोशन कहिले रोनाल्डो , कहिले मेस्सी त कहिले नेमारको प्ःmयान हुन्थयो अनि जर्सी नम्बर पनि उसलाइ रोजी रोजी चाहिन्थ्यो ।

योगीकुटि र देविनगर गर्ने एउटा रिक्सा चलाउने मान्छेसगं उसको अनुहार मिल्थ्यो । हामीले त्यो दाइ लाइ देख्ने वित्तिकै रोशन भनेर जीकाउथ्यौ हामीलाइ केही गर्न सक्थेन विचरा त्यो रिक्सा चलाउने दाइलाइ तपाइ यो बाटो मेरो अगाडी नहिड्नु है भनेर भन्थ्यो ।

जिवनको भाग दौड , जिन्दगीमा केहि गर्ने आशाले रोशन पछि कतार गयो । त्यहा पनि एक जना सगं झगडा परेछ क्यारे फर्केर आयो । उ फर्किने बेलामा

म काठमाण्डौमै थिए । मेरो अफिस गोगंबुमै भएकाले उसलाइ त्यही भेटेको थिए अनि हामीले झोल मम खाएका थियौ । रोशन रिसाहा भएपनि मनको भने साह्रै असल छ । साथिको लागी जहा जस्तो सुकै ठाउमा पनि हाम फाल्दिन सक्छ ।

होस्टेल छडेको यतिका बर्ष भै सक्दा पनि हाम्रो कुराहरु कहिले पुराना भएनन । मेरो जिवनको अभिन्न साथि हो रोशन । हामी जो जहा पुगे पनि, जिन्दगीमा केही गर्न सकेपनि नसके पनि, उसलाइ मैले जतिबेला जे पनि भन्न सक्छु । उसलाइ जिस्काउन ,उसलाइ सम्झाउन र उसलाइ माया गर्न न त त्यतीबेला केहीले रोक्यो न त अब भविष्यमा रोक्ने छ । हाम्रो भेट छिटै हुनेछ सायद अनि सबै केटाहरु मिलेर रोशनलाइ बिचमा पारेर जिस्काउने छौ । रोशन रिसाए झै गर्ने छ । साच्चै होस्टेलका रमाइला पलहरु सम्झिन पाउदा कति आनन्द आउछ होला है ?

# रञ्जीत थापा

होस्टेलको नजिकै थियो रञ्जितको घर । सुरुका दिनहरुमा घरदेखिनै ट्रेनिङ्ग गर्न आउथे उनी । हामी स्कुल जानेबेलामा उनकै घर अघि हुदै जान्थ्यौ । हामी धेरैको रञ्जित भाइ थिए उनी । शान्त स्वभावको पढ्ने र खुरुखुरु ट्रेनिङ्ग गर्थे उनी ।

गोह्लो अनुहार, सानो जिउडाल र माया लाग्दो थिए उनी । त्यसैले एक पटक गुरुले उनकै उदाहरण दिदै स्ट्राइकर माया लाग्दो हुनुपर्दछ भन्नु भएको थियो । हामिबिच धेरै कुराहरू साटासाट हुने गर्थ्यो ।

उनी र म भएर बुटबलमा एउटै क्लबबाट धेरै म्याचहरू खेलेका छम् । अझ २ पटक त ललित स्मृति कप खेल्न आउदा उनी जगदम्बा लुम्बिनी देखी खेलिरहेका थिए र म भने त्यही टिमको अफिसियल भएर काम गरेको थिए । हामी मैदानमा मात्र होइन मैदानबाहिर पनि खुब मिल्थेम ।

बुटवल एन्फापछि म केशब अङ्कलको मा बस्दा हामी सधै भेट्थ्यौ । काठमाण्डौबाट बुटवल गएको वेला हामी भेटेछौ । उनको घरमा राता◌ी सम्म पनि रमाइलो गरेका थियौ हामीले । एक अर्कालाइ माया गर्ने, जिस्काउने गथ्र्यौ हामी । हामी भेट्दा पक्कै पनि जिस्कने छौ र मजाक गर्दै सगैँ बिताएका पलहरुलाइ सम्झिदै आउने दिनहरुको लागी अविस्मरणीय क्षण बनाउने छौ ।

## गौरव बुढाथोकी

हाम्रो व्याचमा शान्त तर प्रभावकारी कोहि थियो भने उ गौरव नै थियो । सुपौलीको उ, हाम्रो टिमको भर पर्दो खेलाडी थियो ।सवि र गौरव खुब मिल्थे र एक अर्कालाइ जिस्काउथे पनि।

गौरब धेरैकुराहरु नगरेपनि सबै कुराहरु बुझ्न सक्थ्यो । पढाइमा मन लगाउने, होम वर्कहरु गर्ने गर्थ्यो उसले । गौरवको घरतिरको चिलियाको जङ्गलमा पिकनिक खान हामी धेरै पटक गयौ । तास खेल्ने, भैलो खेल्ने गर्थ्यौ हामी । एकपटक भैलोको लागी नाच्न सिक्दा पुलिसले लखेटेको थियो हामीलाइ । सवी र उ एउटै कक्षामा थिए त्यसैले होला  कक्षामा भएका कुराहरुलाइ होस्टेलमा ल्याएर जिस्काउने , ठट्टा गर्ने गर्थे केटाहरु ।

सुब्रोतो कपको क्वाटर फाइनलमा मिजोरमको खेलाडीलाइ पछाडिबाट हानेर रेड खाने पनि गौरव नै थियो । त्यतिबेला हामीलाइ म्याच जितु पेनाल्टि सम्म कुर्नुपरेको थियो । शान्त स्वभाव तर भित्र भित्र जिस्कीरहेको हुन्थ्यो ऊ । एक पटक गौरव दुव्लादै गएको थियो त्यो देखेर उसको रुममेट मनकाजीलाइ बोलाएर उ माथि नजर राख्न भन्नुभएको थियो ।

बुटवल पछि पनि हामी काठमाण्डौमा सगैं भयौ ।हामी पार्टनर भयौ । सुपौली देखी म्याच खेल्न म धेरैपटक गएको छु । सुपौलीदेखि खेल्दा आफ्नै टिमबाट खेलेको झै लाग्थ्यो मलाइ ।

कविर सिहं भन्ने फिलिम  हेर्दा  र उसको विहेको ताका हामी संगै बस्यौ । म सुन्धाराबाट नै अफिस आउने जाने गर्थे त्यतिबेला ।हामी फेसबुकमा र फोनमा धेरैं कुरा गर्दैनौ तर भेटहुदा हाम्रो उही पुरानो पार्टनरसिपमा फर्किन्छौ । जिवनमा हामीले अझै धेरै यादहरु बनाउने छौ भन्ने मलाइ विश्वास समेत छ ।

## सुदन थापा

मङ्गलापुरको हेर्दा खाइलाग्दो , मोटो मोटो हसिलो  निकै प्यारा थिए होस्टेलमा सुदन । सुदनसगं मेरा निकै प्यारा क्षणहरु छन् । सोझो तर बाठो मान्छे थिए उनी

। मलाइ आजपनि याद छ ग्लोरीको जिपमा उनी "मेरो टाउको दुख्छ र भमिट आउछ" भनेर जहिले अगाडी बस्थे  । खै साच्चैको गाह्रो हुन्थ्यो हुन्थेन तर हामीले चाही नाटक गरेको भन्थ्यौ । पढाइमा खासै रुचि राख्थेनन उनी त्यसैले त कहिले काहि स्कुल जान नपरोस भनेर , स्कुल ड्रेसलगाएर जानी जानी बाथरुममा लड्थे त कहिले खाना खाएर अन्तिम गासलाइ बाहिर आएर भमिट गरेझै निकाल्थे र स्कुल जादैनथे ।

सुदनको घरमा मङ्गलापुरकै फेमस बङ्गुरको मासु पाइन्छ । सुदनको होटेलको बङ्गुरको मासु मलाइ अतिनै मन पर्छ ।

एक बेला म मेरो खुट्टाको उपचार गर्दै थिए त्यतिबेला नै सुदन काठमाण्डौ आएको थाहा पाएर राता रात दुखेको खुट्टा लिएर सुन्धरा पुगेको थिए ।

हाल उनी इन्डियन आर्मीमा छन् । हाम्रो कुराकानी भइरहेको हुन्छ अहिले हामी ग्रुपमा च्याट गर्दा भिडियो कल गर्दा विगतका दिनहरुको रमाइलो क्षणहरु सम्झिदै खुसी हुन्छौ । एक पटक रञ्जन सागर स्मृतीकप खेल्दा गौरव, सुदन, सोजित र म एउटै टिमबाट खेलेका थियौ ।

सधैजसो कुरा नभएपनि एक अर्काप्रति एउटैखाले माया र सम्मान हामीबिच छ जसले गर्दा हाम्रो मित्रतालाइ थप उचाइमा पुर्याएको छ ।

## सागर परियार

स्याङ्जा वालिङ हो सागरको घर । प्याट्रिक इभ्राको लाष्टै फ्यान थियो उ । बलियो ,मिहिनेती र बुद्दिमानी खेलाडी थियो उ । हाम्रो टिमको भरपर्दो लेफ्ट व्याक थियो सागर ।

पढाइमा खुब मिहिनेत गर्थ्यो उसले तर सरकारी स्कुलबाट सिधै बोर्डिङमा सरेको भएरपनि होला गाह्रो भैरहेको थियो उसलाइ । उत्पट्याङ क्रियाकलापमा उ सामेल भएकै हुन्थयो । शुक्रबार शुक्रबार हामी आफु आफु म्याच खेलाउनुहुन्थ्यो गुरुले र त्यो म्याचको लागी हामी स्कुलबाटै उत्साहित हुन्थ्यौ । सागर सबैभन्दा उत्साहित हुन्थ्यो र ठुलो ठुलो स्वरमा "आज त गुड फ्राइडे, आज त म्याच डे कभन्दै" खुसी हुन्थ्यो

एक पटक हामी मगर घाटमा रहेको सानो होटेलमा सुकुटि खान गएका थियौ । खाएर पैसा तिर्नेबेला हामीसगं पैसा पुगेको थिएन र केही रकम उधारो राखेका थियौ त्यस होटेलमा हामीले पैसा तिर्न अझै बाकी नै छ । अझैपनि हामीलाइ माया गरेर सम्झनुहुन्छ रे त्यहाको अङ्कलले ।

हामीले वार्डेन सर नहुदा फिलिमको चक्का ल्याउथ्यौ । केटाहरु कोहि राती राती होस्टेल बाहिर जान्थे तर सागर भने बाहिर नगएर एक टक भएर फिलिम हेर्ने गर्थ्यो ।

झरना कपको बेला सागर क्याप्टेन थियो तर हामी पहिलो म्याच नै हारेका थियौ त्यतिबेला निकै दुखी भएको थियो उ । उ सँग दुख सुखका, परीवारको समस्याहरुको बारेमा कुरा हुन्थ्यो मेरो । मनदेखी नै आमी खुबमिल्थ्यौ । मेरो हितकारी साथि थियो सागर ।

होस्टेलमा हुदा हाम्रो कपाल जहिले एक नम्बरमा काटिदिनुहुन्थ्यो । यस्तो कुराको ध्यान उदय अङ्कलले गर्नुहुन्थ्यो । पछि पछि त सुनोलीबाट कपालकाट्ने मेसिन ल्याउनु भएको थियो ।

एक दिन परीक्षा सकेर भोलीपल्ट हामी सबै घरजाने वाला थिएम र घर जादा त अलि स्ट्यालिस बनम भनेर धेरैले कपाल मिलाउदै थिए । त्यस मध्ये सागर जो कहिल्यै त्यस्तो कुरामा ध्यान दिन्थेन यो पटक त म पनि कपाल मग कटमा काट्छु भनेर काटेको थियो । भोलि घर जाने भएपनि बेलुका

ट्रेनिङ्गमा जादा खेरी सबैको कपालको स्टाइल उदय अङ्कलले देखि हाल्नु भयो त्यसपछी त उहाले सबैलाइ लाइन लगाएर सबैको कपाल एउटै स्टाइलमा १ नम्बरमा काटिदिनु भयो ।त्यतिबेला बिचरा सागरले अङ्कल मेरो त अलिकति मात्र हो मिलाएको मेरो त १ मा नकाटिदिनु न भनेको थियो तर उदय अङ्लले एक पटक भनेपछि भन्यो भन्यो हो भन्नेपनि सबैलाइ थाहा थियो । त्यसबेला सबै केटाहरू उदय अङ्कलसगं रिसाएका समेत थिए । हामी कोही कोही भने केटाहरूको कपाल काटिदिएकोमा रमाइलो मान्दै हेरेका थियम ।

फेस्टिभलको बेलामा च्यासलमा बन्द प्रशिक्षणको बेलामा सागर म र विकास लामा भाइ एउटै रूममा सुत्थ्येम । रूमहरू मिलाउने सबै कामहरू त्यतिबेला हाम्रो बिकास भाइले गर्थे किनकी उ मिहेनती थिए ।

ढिलो चाडोको त कुरा हो हामी पनि छिट्टै भेट्ने छौ । हरेक हप्ताको शुक्रबारलाइ पर्खिएर म्याच खेल्न उत्साहित हुदै हामी दुवै एकै स्वरमा भनौला “आज त गुड फ्राइडे ,आज त म्याच डे” ।

## सवि गुरूङ

मेरो यार हो सवि । उसको र मेरो दोस्ती एन्फाको सेलेक्सनको बेला देखिनै बसीसकेको थियो ।एउटै जिल्लाको हामी । सुनवल हो उसको घर । हासो मजाक रमाइलो अति नै गर्ने साथि हो उ मेरो ।

उसको पहिला आखा जिम्काउने बानी थियो अहिले त हटिसकेछ । सवि र कमल अति नै जिस्कन्थे  अनि सानो साने कुरामा भनाभन पर्थ्यो । एक दिन २ जना झगडा गर्दा उदय अङ्कलले दुवै जनालाइ बोलाएर हात मिलाउन लगाउनु भएको थियो । तर दुवैले एकअर्कालाइ आखा तर्दै हात मिलाउन मानेनन । त्यो देखेर उदय अङ्कलले झण्डै २ जनालाइ नै कुट्नु भएको थियो ।

ग्लोरीमा हुदा एक पटक होस्टेलबाट सवि र म मात्र पास भएका थियौ । त्यतिबेला उदय अङ्कलले "के हो नवलपरासीको हावामा पढाइको जादुरहेछ" भन्दै केटाहरुलाइ भन्नुभएको थियो ।

सोझो रमाइलो मन भएको हो उसले अर्गानिक जोक्सहरु ल्याउथ्यो । जिस्कने, हास्ने र हसाँउने तर मनदेखि साचो माया गर्ने बानि थियो उसको । सरोज भाइको हङकङ जाने फिक्स भएपछि एक रात जोगीकुटीमा पार्टि गरेर राती केशव अङ्कलको घरमा जाने बेला सविले गरेको  चन्द्रमा र रुखहरुसँग रमाइलो कुरकानी निकै प्यारो र रमाइलो यादगार बनेर बसेको हाम्रो दोस्तीमा । हामी भेटहुदा ती कुराहरुलाइ सम्झिदै हास्ने गर्छौ ।

खै के कारण थियो कुन्नी दाया खुट्टा चलाउने भएपनि खाना खान चाही बायां हातले सिकेको थियो र आज सम्म पनि बाया हातले नै खाना खान्छ । मैले चाही ऊ बेलापनि जिस्काउथे आज पनि जिस्काउछु । सायद यही नै होला सच्चा दोस्ती समय जे जस्तो भएनि हामी बद्लिएनौ ।

सबि र म त राष्ट्रिय लिगपनि एउटै क्लब बाट खेल्यौ । होटेलको पार्टनर हो हामी झापामा, काठमाण्डौको रोयल थकालीमा, बुटबलको म्यारी गोल्ड, धनगढीको होटलमा सगै बिताएका भएरपनि होला  एकअर्काको बारेमा धेरैकुरा थाहा छ हामीलाइ ।

सिलिगुडीमा पनि हामी सगै थियौ । सिक्किमको अविस्मरणीय यात्रामा हामी सगै भयौ ।राजिव दाइ, लोमश , सरोज भाइ , सवि र म मिलेर धेरै रातहरु रमाइलोसगं विताएका छौ ।

गौरवको विहेको ताका सुन्धरामा विताएका मिठा पलहरु निकै याद आउछन् । गौरव , अर्जुन सवि, कमल रोहित भान्जे र म भएर विताएका ति रमाइला पलहरु । कविर सिहं हेरेर उ जस्तै बन्न गरेको ख्याल ठट्टाहरु आहा ! कति प्यारा छन । त्यस ताका त्यही बाट मैले अफिस आउ जाउ गरेको पलहरु निकै प्रिय छन मेरा लागी । भेट भएकोबेला हासो मजाक गर्दै हाम्रो वाल्यकाल सम्झिने बानी परेको छ हामीलाइ ।

म बुटवल जादा होस या उ काठमाण्डौमा हुदा हाम्रो भेट भएकै हुन्छ । भेट सगै रमाइलो सम्झना समेत रचना भएको हुन्छ ।एक अर्काको बारेमा धेरैकुरा थाहा छ हामीलाइ तर एक अर्काको गोपनियता पनि ख्याल गर्छौ हामी ।

“सवि, मेरो प्यारो दोस्त!” जिन्दगीको लडाइ हामी आप्mनै ठाउबाट लडिरहेका छौ। साथि तिमी हार नमान एकदिन त हाम्रो दिन आउनेछ नि । अनि जसरी दुखका दिनहरु कटेका छन् त्यसरी नै सगै सुख भोग्ने छौ हामी” । जिन्दगीले साथ दियो भने हामी सगै हुनेछौ फेरी एउटै लक्ष्य सहित एकअर्कालाइ रमाइलो साथ र सहयोग गर्दै ।

## अशोक थापा

अशोक कालु अङ्कलको भाञ्जा पर्थ्यो त्यसैले हामी धेरै जसोले उसलाइ मायाले भान्जा भन्थेम । भान्जा सुरुका दिनहरुमा चपरभट्टीबाट साइकलमा बिहान बेलुका नियमितरूपमा ट्रेनिङ्ग गर्न आउथ्यो । मेलै मेरो जिवनमा मिहिनेत गरेर कोही मान्छे केही बनेको प्रत्यक्ष देखेको छु भने त्यो भान्जा नै हो ।

सानो –सानो माया लाग्दो थियो भान्जा होस्टेलमा आउदा । अहिले ठुलो त भाको छ तर माया उतीकै लाग्छ । उसको मिहिनेत देखेर उसलाइ हामी मिहिनेती केटा भनेर बोलाउथ्यौ । उ ट्रेनिङ्ग सकिएपछि पनि प्यारापिटको सिडीहरु चढ्ने, टायर बोकेर दौडिने गर्थ्यो । उसले दायाँ बायाँ दुवै खुट्टा चलाउन निकै प्रयास गर्थ्यो त्यतिबेला त खासै चलाउथेन तर अज त उ पुरै लेफ्टी अशोक भाको छ र हामीले कहिले काही लेफ्टी अशोक भन्दै जिस्काउछम्। उ बेलामा निरन्तर मिहिनेत गरेकै अनुसारले उसको खेलको विकास हुदै गएको छ । हाल उ एन आर टी क्लब देखी खेल्दैअएको छ अहिले उ ।

पढाइमा पनि मिहिनेत गर्थ्यो उसले । मेरो छेउको कोठामा बस्थ्यो र छुट्टीको दिन छुक छुक गरीरहेको हुन्थ्यो । शनिबार शनिबार उसको हजुरमुवा उसलाइ भेट्नको लागी होस्टेल पस्नुहुन्थ्यो । विस्कुटहरू ल्याइदिनुहुन्थ्यो ।

हामी तिहारको बेलामा भैलो खेल्थ्यौ । "तालको पानि माछिले खाने" भन्ने गीतमा हाम्रा केटाहरु नाचेका पनि थिए । केही दिन त नियमीतरूपमा डान्स अभ्यास पनि गरेका थिए । केटाहरूलाइ डान्स तिलक अङ्कलको छोरी रक्षाले सिकाउथिन ।

भैलो खेल्न हामी तिलक अङ्कलको टोलिसगं मिसीएका थियम । गाडीमा जानु अघि सबैजना होस्टेलमा थियम । हाम्रो स्टोर ट्याङ्कीमा माथिबाट टिनले मात्र छोपेका थियम त्यसैले त्यहा नया मान्छे खस्न सक्ने सम्भावना थियो तर एकजना दाइ त्यतैतिर जादै थिए र हामीले दाइ दाइ भन्दै चिच्यायम पनि तर उल्टै सान दिदै अघि के बढेका थिए त्यो दाइ त ट्याङ्कीमा खसे । हामी उठाउन गयम र दाइ चोट त लागेन नि भनेर सोधेका थियम । दाइले त सान दिदै म त दुइ, तीन तलाबाट हामफाल्दा त केही हुन्थेन भनेका थिए । हामी भने त्यो कुरा सम्झेर हाल सम्मपनि हास्ने गर्छम्र

एउटा ठाउमा राम्रो नाच्यो भनेर अशोक लाइ एक जनाले पैसा दिनु भएको थियो पैसा पाएपछि तिलक अङ्कलले अशोकलाइ "बावु यो पैसाले के गर्छौ" ? भनेर माइकमा सोध्नु भएको जवाफमा अशोकले "किताब किन्छु" भनेको थियो । त्यो दिन देखि आज सम्म पनि भेट भएको बेला अशोकलाइ जिस्काउदै भान्जा " किताब किनिस त" ? भनेर सोध्छु , उ हास्छ फिस्स ।

गर्मीको बेला शनिबार – शनिबार हामी तिनाउ खोलामा नुहाउन र लुगा धुन जान्थ्यौ । एक दिनको कुरा हो । त्यहाको लोकल केटाहरु जाड खाएर हाम्रो ग्रुपसगं झगडा गर्न खोज्दै थिए त्यतिबेला अशोक जङ्गिदै आएर के निहु खोजेको "सक्छौ भने आउन सिङ्गल सिङ्गल" भन्दै थर्काएको थियो । यो कुरा पछि अङ्कलहरुले थाहा पाएर ओहो अशोकले सिङ्गल सिङ्गल बोलाको भन्दै जिस्काउनु हुन्थ्यो । हामी पनि अशोकलाइ त्यही भन्दै आज सम्मपनि जिस्काइ रहन्छौ ।

एन्फा पछि पनि हाम्रो भेट कहिले बुटवल त कहिले काठमाण्डौमा भैरहेको छ । कहिलेकाहि कुराकानी पनि हुन्छ । अब फेरी जहा भेट भएपनि हाम्रो त्यो बेलाको अशोक नै भेट्ने छौ । हामी उसलाइ जिस्काउने छौ अनि उ खिस्स दात देखाउदै भन्ने छ "आज सम्म पनि छोड्दैनस है बिल्ला गर्न" अनि म फेरी जिस्काउने छ उ झोकिदै उता जा बे , भन्नेछ अनि हामी फेरी हास्नेछौ ।

## विनोद महत

पर्वत जिल्लामा घर भएपनि हामी विनोदलाइ वाग्लुङ्गकै भनेर चिन्छौ । एकदमै सोझो र साचो मन भएका मेरो साथि हुन उनी । होस्टेलमा वाग्लुङ्गको आइचन गइचन भन्ने बोली फेमस थियो । विनोदलाइ पनि हामी त्यसै गरी जिस्काउथ्यौ । होस्टेलमा आउदा घुमाउरो कपाल र जुगाको मसिनो रेखी थियो। पढाइमा मिहिनेती थिए । धेरै नबोल्ने स्वभाप थियो उनको त। मनमा भने सायद धेरै कुराहरु हुन्थे होला भन्नको लागी ।

ग्लोरीमा पढ्दा विनोद आफ्नै पारामा हुन्थे । उनको माया गर्दा मनै सुम्पिने बानी थियो तरक माया केवल मायामै रह्यो । हाम्रो छेउको रुममा बस्थे विनोद । ट्रेनिङ्गमा ज्यान दिएर मिहिनेत गर्थे उनी । उदय अङ्कललाइ मनपर्ने खेलाडी थिए विनोद । एक पटक म्याराथनको लागी सेलेक्ट भैसकेको थिए तर दौडिदा गोलपोष्टको जालीमा अल्झिएर टाउकोमा चोट लागेको थियो जसकारण उनले म्याराथुनमा भागलिन पाएनन् ।

मनको सफा मान्छे उनी रञ्जनसँग धेरै नै मिल्थे । एन्फा पछि रञ्जन सागर स्मृतिकपमा हामी एक अर्का विरुद्द खेलेका थियौ । उनी अर्कै टिमबाट खेल्दा हामी सबैजना रिसाएका थियम । केटाहरूले त गाली पनि गरेको थिए तर उनी हासीरहन्थे । पछि बिक्रम गुरूले हामी सबैलाइ “ उ जहाबाट खेलेपनि यो रञ्जन सागर कप खेल्यो त्यसमै सबै जना खुसी हुनुपर्छ” भन्नुभएपछि मात्र हामी शान्त भएका थियम ।

म बाग्लुङ्ग जादा हामी सगै घुम्यौ धेरै ठाउमा । खोला देखी कालिका मन्दिर । एक पटक वेनी जादा त उनले बाइक देखि नै आप्mनो घर देखाएका थिए ।

एन्फा पछि हाम्रो भेट २ पटक मात्र भयो होला । एक पटक सुपौलीबाट लिस्नु कप खेल्दा हामी सगै एउटै टिमबाट खेलेका थियौ त्यतिबेला हामी सगैं भएका थियम । सुपौलीबाट खेल्दा सवि , विनोद ,सृजन एउटै टिमबाट खेलेका थियम । त्यतिबेला देखि नै उनी बाहिर जाने प्रयासमा थिए ।

हाल भने उनी अमेरीकामा छन् । धेरै मिहिनेत र सँघर्ष गरेर उनी अमेरीका पुगेका हुन् र अहिले पनि मिहेनत गरीरहेकै छन् ।

हाम्रो कुराकानी भैरहेको हुन्छ । कहिले म्यासेन्जरमा त कहिले इमोमा । रातहरु क्टाइदिन्छौ हामी कुरा गरेर । विगतका दिनहरु सम्झेर एकअर्काको टुटेको मनलाइ सम्झाएर हामी रमाइलो गर्छौं । म विनोदलाइ निर्धक्कका साथ आफ्नो कुराहरु भन्न सक्छु । उनीले सक्ने सहयोग, साथ र माया होस्टेलबाट नै सदैव मलाइ दिदै आइरहेका छन् । सोझो मान्छे धेरै नरिसाउने तर रिसाएपछि लाटो रिस थियो । आफैमा हराइरहेको हुन्थे विनोद । उनको र मेरो रोजाइ पनि मिल्ने ।

जिवनमा भौतिकरुपमा खै कहिले भेट हुन्छ थाहा छैन  तर जति पछि नै पछि भेट भएपनि  तिमीसगं निर्धक्क भएर भन्छु मनका कुराहरु बाड्छु । विनोद मेरा मनकारी साथिहुन । एउटा व्यहारिक जिवन समेत बुझेका छन उनले त्यसैले हाम्रो कुराकानी मिल्ने गर्छ । मन मिल्ने गर्छ । हामी भेट्न सक्ने एउटा सानो आश त छ । सायद त्यही आशकै अर्को नाम सास हो ।

## कमल पुन मगर

किर्तिपुर सुनवलको कमल र म त सेलेक्सनबाट फर्किदा सगै एउटै गाडीमा फर्किन्थ्यौ । हामी एउटै कक्षामा पढ्थ्यौ । हाम्रो रुमपनि टासिएको थियो । हामी सगै बसेर पढ्ने गर्थ्यौ । डेभिड व्याक्हमको फ्यान थिए उनी । बाठो र सिपालु थिए कमल । होस्टेलमा त्यो बेला कोरीयन हिरो गेन्जी खुब चलेको थियो । उनलाइ ताकिया गेन्जी भनेर बोलाउदा खुसी हुन्थे । सविले चाहि उनलाइ गेन्जी होइन हम्ले भनेर सताउथ्यो ।

पढाइ बाहेक हामी गीतहरु सगैँ गाउथ्यौ। त्यतिबेला खुब चलेको "सधै सधै आइरहन्छ" र "फर्कि फकि" भन्ने गीत कोठा बाहिरको गल्लीमा बसेर गाउथ्यौ हामी । विक्रम गुरुले कमललाइ माया गर्नुहुन्थ्यो । होस्टेलमा कमल र म मिल्यो भने विल्ला गर्न अरुले सक्थेनन् । हामी एक अर्कालाइ बुझ्थेम ,र अहिले पनि एक अर्काको बारेमा सोध्ने जिन्दगीको बारेमा खबर राख्ने गर्छौं ।

एकताका एन्फमा लेप्टी खुट्टा चलाउने हावा चलेको थियो । त्यति बेला कमलले निकै मिहिनेत गरेर आफुलाइ लेफ्टी कमल बनाएको थिए । रोशनलाइ जिस्काउन र चुपलगाउन कमलले सक्छन् ।

एन्फापछि पनि हाम्रो भेट हुदै आएको छ ।हाल उनले फुटबल खेल्न छाडीसकेका छन् । अहिले उनी किर्तिपुरमै ठेक्का पट्टाको काम हेर्छन । हामी ग्रुपमा कुरा गर्दा त्यही उत्पट्याङ गफ गर्दै रोशनलाइ जिस्काउदै समय बिताउछौ । हामी भेटेर निकै रमाइलो गरेर विगतका पललाइ फेरी एकपटक जिवन्त पार्ने छम ।

# विमल घर्ती मगर

एन्फा बुटवलमा एकैदिन हाम्रो  अभिन्न २ पात्रहरु आएका थिए ।करीब १ वर्षपछि विक्रमगुरुले वार्डेनबाट छाढेर जाने निर्णय गर्नुभएको थियो । त्यही साझ एन्फामा सन्तोष सर र विमल आएका थिए । उ पनि नवलपरासीकै भएकाले मैले सुरुको दिनमा कुराकानी गरेको थिए उसको आनीबानीको बारेमा सोध्दै होस्टेलको नियमहरु बताएको थिए ।

अग्लो शरीर, स्पीडी र गोल गर्न सक्ने क्षमता भएको विमललाइ हामीबिच अभ्यस्त हुन कती समयपनि लागेन । म भन्दा २ कक्षा तल पढ्ने भएपनि हामी मिल्थ्यौ । सुरुका दिनहरुमा निकै शान्त बनेको बिमल समयसगैं हामीसबैको यादमा चतुर भएर बसेको थिए ।

नवलपरासीबाट अब होस्टेलमा हामी ४ जना भएका थियौ , सवि, कमल, विमल र म । होस्टेलमा शनिबारको दिन काम लगाउदा विमल , किरण र म जहिले बाथरुम सफा गर्ने टिममा पथ्र्यौ । हामी मजाक गरेपनि  एकअर्काविच कुराकानी साटासाट गर्छौं पनि । हाम्रो दोस्ती गाडा हुदै गएको थियो । सुखदुखका साथि भएका थियौ हामी ।  त्यसैले एकदिन हामीले होस्टेलमै माटोको टिका लगाएर मित लगाएका थियौ । त्यसपछि मिज्जु भन्ने शब्द बुटवल देखि काठमाण्डौको होस्टेलमा समेत चर्चामा आएको थियो अझ मिज्जुलाइ हामी मिता भन्ने शव्दले बोलाउन थालेका थियौ ।

दशैको विदामा आफ्नो आफ्नो घरमा जादा पनि ममीहरुको फोनबाट कुरा गरेर भेट्ने प्लान बनाउथ्यौ हामी । एक पटक साइकलमा चढेर विमल बर्दघाट आएको थिए । हामी एउटा होटेलमा पसेर तास खाएका थियौ । मेरो ममीलाइ पनि मैले होस्टेलमा मित लगाएको कुरा बताएको थिए उहाले “बोलान त कहिले तेरो मिज्जुलाइ” हाम्रो मा भन्नुहुन्थ्यो तर त्तिबेला हामी एउटामात्र कोठामा सबै परीवार बस्ने भएकाले मैले बोलाएको थिएन ।

मिज्जु मेरो जिवनको मिठो सम्झना हो । हामी खेल्दा पनि जहिले एउटै टिमबाट खेल्यौ सानोबेलामा । छुट्टीमा पनि हामी कहिले बर्दघाट क्याम्पमा त कहिले भुताहाको ग्राउन्डमा अभ्यास गथ्र्यौ ।

विमललाइ पढाइमा खासै रुचि थिएन तर स्कुल भने ज्वरो आउदा होस या पिलो आउदा होस नियमीत जाने बानी थियो । सुरुसुरुमा त सोझै हो नि मान्छे पछि

पो हो चम्बु भएर निस्केको ।एकदिन केटाहरु रुममै तास खेलेका रहेछन र गुरुले रङ्गेहात भेटाउनु भएछ तर त्यति हुदा नि गुरुकै अगाडी देखि भागेको रे विमल गुरुले देख्नुहुन्न भनेर । अहिले हामी त्यही दिन सम्झिदै रमाउछौ ।

एकदिन उदय अङ्कलको तल राखेको बाइकको एक्सिलेटर बटारेर आवाज के निकालेको थिए उदय अङ्कल रिसाएर सजाय स्वरुप २५ राउण्ड दौडन लगाउनुभएको थियो त्यो पनि बुटवलको उरन्ठ्याउलो गर्मीमा । घाममा एक्लै दौडिएको देखेर हरि अङ्कललाइ निकै माया लागेछ क्यारे "भै गो विमल दौडिन पर्दैन अब भन्नु भयो" तर मिज्जुको इगो हर्ट भएर होला जोसै जोसमा २५ राउन्ड पुरा गर्नुभएको थियो ।

खोलामा नुहाउन जान, पकौडा बाजेकोमा खान , केटाहरुको झगडामा साथदिन हरेक कुरामा उसको सहभागीता हुन्थ्यो । एक पटकको फुलबारीमा भएको पिकनिकबाट केशब अङ्कलले उसलाइ घुमाउन समेत लैजानुभएको थियो ।

हाम्रो कक्षा १० को विदाइ कार्यक्रम थियो अरु सबै केटाहरु कार्यक्रममा जान उत्साहित थिए तर म भने जान मन गरेको थिएन । मिज्जुले त्यतिबेला कसम खुवाएर नजानु भनेको भएर म त्यो दिन स्कुल नै गएन । बरू मेरो घर जानुपर्नेकाम छ भनेर ढाटेको थिए । त्यति बेलादेखि नै हामीले एकअर्काको कुरा काट्न सक्थेनौ । हामी बिच बुटवलमा मात्र होइन । काठमाण्डौमा पनि धेरै अविस्मरणीय सम्झनाहरु छन् । हाम्रो मित्रताको चर्चा वुटबल देखि काठमाण्डौको होस्टेलमा समेत हुने गर्थ्यो ।

एन्फपछि पनि हामी जहिले सगै भयौ । हाम्रो भेटघाट पनि धेरै हुन्थ्यो । समयसँगै हामी २ जनाले नै आफ्नो आफ्नो बाटोमा लागेपनि हाम्रो मित्रता सधै उस्तै रह्यो । ग्वर्कोमा अनन्त र मिज्जु सगैँ बस्दा एप्पलसाइडर खादै म्याचहेर्दै विताएका पलहरु कति रमाइलो छन् ।जनम , विमल र म भएर ठमेल ग्वार्को या वुढानिलकण्ठ जहा विताएनि "सधै सधै आएरहन्छ" भन्ने गीत सुन्दै र गाउदै हामीले हाम्रा वालापनका यादहरु ताजा गराउथ्यौ ।

मलाइ के कस्तो छ , गाह्रो र केहीको अभाव भएका बेलामा आफै बुझेर मलाइ सधै साथ दिने मिज्जु नै हो । काठमाण्डौ देखि घर जादा मेरो बास जहिले भुतामा हुन्थ्यो ।

जब एक अर्कासगं केहि थिएन त्यतिबेला पनि हाम्रो मित्रता गाढा थियो , एक जना सगँ सबै कुरा भएर एक जना सगँकेहि नहुदा पनि हाम्रो दोस्ती उस्तै रह्यो र सायद जिवनभर यस्तै रहनेछ ।जीवनमा हामीदुवैले धेरै उतार चढाव भोग्यौ कहिले सगै भोग्यौ कहिले एक्लै भोग्यौ । सगै हार्यौ त कहिले सगै जित्यौ । सगै नहुदा पनि हाम्रा भोगाइहरु आत्मियरुपमा जहिले सगै रहे ।

होस्टेलमा हामी फेसबुकको र साचो जन्मदिन गरेर २ २ पटक मनाउथ्यौ । त्यतिबेलाको १ प्याकेट दालमोठ , किलोवाला चाउचाउ र १ जार ट्याङ्ग जुस को पार्टिलाइ आजको ठुला ठुला रेष्टुरेण्टमा मनाउने पार्टिले के जित्न सक्थ्यो र ?

हाम्रो बुटवलको निकै महत्वपुर्ण सदस्य हो विमल पछि त नेपाल टिमकै महत्वपुर्ण खेलाडी भएर हामीलाइ गर्वगर्ने ठाउ बनेको थियो । फुटबलमा होस या व्यक्तिगत जिवनमा होस हाम्रो साथ कहिल्यै टुटेन । अहिले दुवैको गन्तव्य अलि फरक भएपनि एकअर्कालाइ माया र साथ गर्न कुनै कसर छोड्दैनौ हामी । सफामन र कसैलाइ नराम्रो नगर्दापनि कहिले काही सोचेज्स्तो भएन मिज्जुको जिवन ।

एक पल्ट मेरो खुट्टाको समस्याले गर्दा हस्पिटलमा इमर्जेन्सि मा रातीसम्म सगै कुरेर मेरो रोगको पिडालाइ भुलाउन रातभर रमाइलो गरेका थियौ । सायद हस्पिटलको इमर्जेन्सीबाट छुटेर रातभर रमाइलो गर्नेकुरा फिलिमहरुमा मात्र देखिन्थ्यो तर मेरो जिवनमा मेरा मिज्जु र साथिहरुको साथले मेरो अनुभवपनि फिलिम भन्दा कम भएनन ।

दुरीले हामीलाइ कहिले टाढा बनाउन सकेन र सक्ने पनि छैन । हाम्रो मित्रताको एकदिन उदाहरण दिनेछन मानिसहरु । जिवनको भोगाइहरू लाइ अगांल्दै मनका पीडहरूलाइ बाल नदिएर मुहारमा मुस्कान ल्याउदै हामी हाम्रा वितेका पलहरू सम्झिदै “इज इट”? भन्दै रमाउने कल्पना गर्दछु ।

# शिक्षा

देविनगरको होस्टेल छेउमा ठुलो झाडी थियो । सुरुका दिनहरु देखिनै हामीलाइ बहुआयामिक शिक्षा दिन अङ्कलहरुले कुनै कसर छोड्नु भएन । त्यसैले हामीले होस्टेलको छेउमा रहेको त्यो घना झाडीलाइ मासेर सुन्दर बारी बनाएका थियौ । हाम्रो शनिबारका दिनहरु बारीमै बित्थ्यो सायद त्यतिबेला त्यही प्रकारको मिहेनत गरेको भएर होला पछिका दिनहरुमा हामीले आफ्नै बारीमा फलेका तरकारीहरु खान्थ्यौ । अरु सिजनमा त रमाइलै हुन्थ्यो तर घिरौलाको सिजनमा भने धेरै फलेर हामीलाइ पिडा दिन्थ्यो । बिहानै घिरौला, बेलुकै घिरौलाको तरकारीले गर्दा हामीले त्यसको लहरा काटिदिने सोच नबनाएको पनि होइन ।

बुटबलको प्रर्दशनि मेलाको पहिलो दिनको र्यालिमा  हामी २ पटक सहभागी भयौ र दुवैपटक हामीले प्रथम स्थान हासिल गरेका थियौ । प्रर्दशनिको र्यालिबाट फर्किदा हामीलाइ सान्चिमा थुक्पा खुवाइन्थ्यो । सान्चिको थुक्पा यति मिठो हुन्थ्यो की  हामी चौराहा देखि हिडेरै होस्टेल पुग्थ्यौ ।

हामीले त हाम्रो कोठाहरु अगाडी फुलको बारी समेत बनाएका थियौ । अङ्कलहरुले पनि हाम्रो काम प्रभावकारी होस भनेर दुइ वटा समुह बनाएर कस्को राम्रो हुने भनेर हामीलाइ हौसला थपि दिनुहुन्थ्यो ।

पुर्नताजगीको लागी हामीलाइ पकिनिकहरु लैजानुहुन्थ्यो । फुलबारी , बनबाटिका, लुम्बिनी, जबै, जस्ता ठाउहरुमा हामीले धेरैपटक पिकनिक मनाएका थियौ । एक पटक बनबाटिकाको पिकनिकको बेलामा मलाइ बाइक चलाउन सिकाउदै उदय अङ्कलले लैजानुभएको थिए । त्यतिबेला नै मैले पहिलो पटक बाइक चलाएको थिए । शिवरात्रिको बेलामा होस या अरुकुनै पर्वहोस हामीलाइ कहि न कहि लैजानु हुन्थ्यो । रुद्रपुर, सालझण्डी , रामनगर मा फुटवल प्रतियोगिता हुदा हामीले म्यास सुरुहुनु भन्दा अघि डेमो म्याच खेल्थ्यौ ।

पहिलो वर्षको होलिमा हामीलाइ गोर्खा ब्वाइज क्लबको अङ्कलहरुले पार्टिदिनु भएको थियो । त्यो बेला नाच गान, घैटो फोड्ने जस्ता निकै रमाइलो खेलहरु खेलेर हामीले होलि मनाएका थियौ ।

एक पटकको माघे सङ्क्रातिमा मदन अङ्कल र आन्टिले हामीलाइ होस्टेलमै खाना खुलायनु भएको थियो र अर्को बर्ष चाहि हामीलाइ आफ्नै घरमा लगेर खाना

खुवाउनु भएको थियो । हामीलाइ होस्टेलमै विभिन्न परीकारहरू बनाउन र खान पाउथेम । होस्टेलमै विरयानी र दोप्याजा त हामीले धेरै पटक बनाएर खायम ।

हाल हामी जो जहा भएपनि त्यो बेला सिकेको जिवन उपयोगी शिक्षाले हामीलाइ धेरै कुरामा सहयोग र मनोबल उच्च हुदै अएको छ । हामीले फुटबल मात्र नभए जिवनमा चाहिने धेरै ज्ञानहरू एकेडेमीबाट पाएका थिएम त्यसैले जुन क्षेत्रमा पनि हामी सबै मजाले घुलमिल हुन सकेका छम्र ।

# झगडाहरु

एक अर्काको जति नै विल्ला गरेपनि बाहिरी केटाहरुले हामी मध्ये कोहि एकलाइ चलाएपनि हामी एक जुट भएर लाग्थ्यौ । स्कुलको बसमा त हाम्रो कति हाना हान भयो कति ।

हाम्रो सेन्ट अप ऐभ्रेष्ट स्कुलमा परेको थियो । त्यतिबेला मेरो खुट्टाको अपरेशन गरेको थियो त्यसैले म चप्पलमा जान्थे र परीक्षा सकिएपछि मलाइ माधव अङ्कलले बाइकमा होस्टेल पुर्याइदिनुहुन्थ्यो । हाम्रो स्कुलको मात्र नभएर त्यहा अरु स्कुलको पनि सेन्टर थियो अरु स्कुलहरु मध्ये एउटा सिद्दि चिल्ड्रेन स्कुल पनि थियो जसलाइ हामीले कोका कोला कपमा मज्जा सगं हराएका थियौ । सायद त्यहि कुरा थियो कि अरु नै थियो तर त्यस स्कुलको केटाहरुसगं झगडा पर्ने पक्का थियो

हाम्रो परीक्षा चल्दै थियो भने अरु केटाहरुको स्कुल लगीरहेकै थियो । सेन्डअपको अन्तिम दिन झगडा पक्का भएको थियो त्यसैले हामीले अरु केटाहरुलाइ पनि तयारी भएर ऐभ्रेष्ट स्कुल निरको चोकमा स्कुलको बस बाट झर्ने अनि सबै भएर फाइट गर्ने प्लान थियो ।हाम्रौ परीक्षा १० बजे सम्म सकिने भएकाले केटाहरुको स्कुल आउने टाइमिङ्ग मिलेको थियो । तर मेरो चाहि खुटको घाउ ताजै भएकाले केटाहरुले मलाइ होस्टेल जान भनेका थिए । प्लान अनुसारको सकै मिलेछ अनि ठुलै झगडा परेछ । रञ्जनको मुख सुन्ने छ तर हाम्रा केटाहरुले पनि त्यताको केटाहरुलाइ नमज्जासगं कुटेछन । २ जनालाइ त हस्पिटल नै लग्न परेको थियो रे । म भने त्यो दिन को माधव अङ्कललाइ कुरेको कुर्यै भए एक जना दाइको फाृन मागेर कल पनि गरे तर लागेन । म एक्लै भएकाले त्यहाको अन्टिहरुले “बावु तिमी यो बाटो नजाउ त्यहा ठुलो झगडा भाको थियो र तिम्रो ड्रेस मिल्छ त्यसैले तिमी अर्कै बाटो जाउ” भन्नुभयो माधव अङ्कलको फोन लागेन त्यसपछि म ऐभ्रेष्ट स्कुलबाट खुट्टा खोच्याउदै देविनगर पुयेको थिए । त्यो दिनको झगडाको हामी अझैपनि कुरा गर्छौं ।

एकपटक स्कुलको बसमै जादै गर्दा अर्को स्कुलको केटाहरूसगं बसकै झ्यलाबाट थुका थुक भएको थियो । एउटा जक्सनमा कुरेर त्यस स्कुलको केटाहरूलाइ कुट्ने प्लान नि बनेको थियो तर समय र स्थान अनुकुल नभएसी त्यो कुरा त्यतिकै भएको थियो ।

हामी फुटबल खेलेर स्कुलको नाम राख्रे साथै स्कुलमा एउटै ग्रुपमा बस्थ्येम त्यसैले होला स्कुलमै हामीलाइ धेरैले रूचाउदैनथे । साना साना कुरामा हामी सगं भगडा गर्ने बहाना खोज्थे हामीपनि २५ जना भएकाले जहिले तयार हुन्थ्येम । एकपटक बसमा स्कुलबाट फर्किदै गर्दा केटाहरूको हाना हान पर्यो । त्यो झगडा छुट्टाउन डाइभर दाइलाइ पनि गाह्रो परेको थियो । पछि त त्यही केटाहरूले हामीलाइ कुट्न भनेर होस्टेल घेर्न लागेका थिए तर हामीले त्यो कुरा चाल पाएपछि अङ्कलहरूलाइ फोन गरेका थिएम र अङ्कलहरूले त्यहाके स्थानिय दाइहरूलाइ भनेर ती केटाहरूलाइ खेदाउनु भएको थियो ।

हामीलाइ जति गेमले नजिक बनायो त्यतिनै नजिक हामीले गरेका झगडाहरूले बनाएको थियो ।

# जितहरु

हाम्रो वाताबरण नै बेग्लै थियो । हामी फुटबल खेल्थ्यौ तर धेरैकुरामा सहभागीता जनाउथ्यौ । जिल्लामा हुने म्याराथनमा होस या जिल्ला स्तरीय निबन्ध प्रतियोगीतामा होस हामी सबैमा भाग लिन्थ्यौ र जित्थ्यौ पनि । बिधालय स्तरीय हाइ जम्प होस या सय मिटर दौड हामी हरेक विधामा भाग लिन्थ्यौ ।गुरुले ,अङ्कलहरुले पनि हामीलाइ त्यही अनुसारको प्रोत्साहन गर्नुहुन्थ्यो ।

पहिलो वर्ष हामी असारमा बल्ल होस्टेलमा आएकाले कोका कोला कप खेल्न पाएनौ । दोस्रो वर्ष हामी इलिटमा पढ्यौ ,मैनाली सरले हामीलाइ अति नै माया गर्नुह’न्थ्यो । इन्दिरा म्याडम पनि खुसी हुनुहुथ्न्यो हामी बाट । इलिटबाट पहिलो वर्ष कोकाकोला कप खेल्दा हामी न्यु इनभारमेन्ट स्कुल सगं फाइनलमा हारेका थियौ । तर त्यो हारपछि हामीलाइ धेरै कुराको सिकाइ तथा अठोट पलाएको थियो । त्यसैले २०६८ सालमा त हामीले खेलेको प्रतियोगिताहरु सबै जितेका थियौ ।

२०६८ सालको पहिलो प्रतियोगिता थियो प्याबसन कप । केन्द्रिय प्रतियोगिता भएकाले पहिला बुटवलबाट छनौट हुन पर्थ्यो । हामीले बुटवलमा भएको फाइनल खेलमा त्यही “न्यु इन्भारमेन्ट”लाइ हराएर बाठमाण्डौको लागी छनौट भएका थियौ । काठमाण्डौमा हामीलाइ ठमेलको होटेलमा राखिएको थियो । प्याबसनको क्याप्टेन चाही रञ्जन थियो । हामी म्याच खेल्न किर्तीपुरको ल्याब स्कुलमा जान्थ्यौ । त्यही प्रतियोगिताको लागी धरान एकेडेमीबाट जेम स्कुलको प्रतिनिधित्व गर्दै केटाहरू आएका थिए । हामीले काठमाण्डौको स्कुलहरुलाइ हराएर फाइनल पुगेका थियौ भने उता बाट धरानकै केटाहरु फाइनल पुगेका थिए । त्यो फाइनलमा हामीले १ –० ले जितेका थियौ । त्यहाबाट सुरु भएको थियो हाम्रो विजय यात्रा ।

त्यसै वर्ष हामीले क्षेत्रिय स्तरको कोकाकोला कप जितेका थियौ । म्याचहरु जितेर भोलिपल्ट स्कुल जादा त हामीलाइ एसेम्बलीमा नै बोलाएर सम्मान गरीन्थ्यो । हाम्रा केटाहरु फुटबल मैदानमा मात्र होइन स्कुलमा पनि हिरो हुदै थिए ।

त्यसै वर्ष हामीले चितवनमा आयोजना गरीएको जि.वि.स कप पनि फाइनलमा कास्कीलाइ हराएर जितेका थियौ । हामीले रुपन्देही जिल्लाबाट त्यो कप जितेका थियौ ।  पछि हामीलाइ सि.डी.यो कार्यलयमा बोलाएर एसि भएको हलमा राखेर बधाइ तथा सम्मान गरीएको थियो । त्यो प्रतियोगिताको क्यापटेनको नाताले मैले ट्रफि सि.डी.यो साहेबलाइ हस्तान्तरण गरेको थिए ।

त्यसै वर्ष हामीले दिल्लीमा आयोजना हुने दक्षिण एसियाकै प्रसिद्द युथ फुटबल प्रतियोगिता "सुव्रोतो मुखर्जी कप" जितेका थियौ । पहिलो पल्ट हामी रेल चढेर फुटबल खेल्न गइरहेका थियौ । मसिंरको चिसोमा रेलको सुताइ साह्रै रमाइलो थियो । रेलमा बिहानै ठुलो स्वरमा "चाय गरम, चाय गरम" "इस सफर मे इस्से वढिया चाय नहि मिलेगा" "अद्यरक वाली चाय" यस्तै यस्तै भन्दै चिया बेच्न आउने मान्छेहरुको आवाजमा पनि अर्कै प्रकारको आनन्द थियो । दिल्लीमा हामी एयर फोर्स क्याम्प पालममा बसेका थियौ ।हामीले त्यस प्रतियोगितामा सिक्किस, झारखण्ड, गुजरात लाइ समुह चरणमा हराएर क्वार्टरफाइनलमा मिजोरमलाइ जितेका थियौ ।  अझ क्वार्टरफाइनलमा हामी १० जनामा सिमित थियौ तर अन्तिम समय सम्म बराबर भएपछि पेनाल्टि सुटआउटमा हामीले जितेका थियौ । त्यसपछि हामी सेमीफाइनलमा मेघालयसगं खेलेका थियौ । गेमको सुरुवातमै हामी एक गोल ले पछाडी थियौ । तर गेम सकिन २ मिनेट बाकि रहदा रोशन र मैले बाल पास खेलेर विमललाइ बल दिएका थियौ बिमलले त्यो बल दौडाउदै लएर गोल गरेर म्याच फेरी पेनाल्टि सुटआउटमा पुगेको थियो त्यति बेला मेरो र सागरको पेनाल्टि रोकेको थिए तर सोजित ले उताको ३ वटै पेनाल्टि बचाएको भएर हामी फाइनल पुग्यौ ।

फाइनल खेल थियो नागाल्यान्ड सगं । म्याच थियो अम्बेडकर रङ्गशालामा । निकै राम्रो थियो नागाल्यान्डको टिम तर हामीले पनि आप्mनो खेलले सबैको मन जितेका थियौ । त्यसैले होला अप्mगानिस्थान , वेष्ट बङ्गालको सिनियर टिमले हामीलाइ सर्पोट दिइरहेका थिए । हामीलाइ नागाल्यान्डले निकै दवावमा राखेको थियो तर मयाच बराबर भएर एक्स्ट्रा टाइममा गएको थियो र एक्स्ट्रा टाइमको दोस्रो हाफको २ मिनेट समय रहदा मैले बल पाए। हमाललाइ लामो पास दिएका ृ थिए हमालले किप्पर अगाडी आएको मैका छोपेर फिलिक हान्दियो र गोल भयो । यो पल सायद खुसी नाप्ने मेसिन भएको भए त्यो मेसिन नै फुट्थ्यो ।हामीले फाइनल जित्यौ । नेपालको राजदुत पनि आउनु भउको थियो म्याच हेर्न । म्यास सकिएपछि हामीलाइ बधाइ दिनु भयो । नेपालले जितेको अन्तिम

सुत्र्रोतो कप नै त्यही थियो । टिमको क्याप्टेन भएकाले पनि ट्रफी उचालेर मनको आवाज घाटिमा ल्याएर "हिप हिप हुरै" भनिरहदा मलाइ आफु संसारकै माथि छु झै महशुस भएको थियो । फाइनल जितेपछि हामी दिल्लीके लोटस टेम्पल घुम्न गएका थियौ ।त्यस्तै दिल्लीमा ब्रिटिस क्वार्टरमा बस्नुहुने याम गुरुको साथिहरु तमु अङ्कलहरुले हामीलाइ डिनरमा बोलाउनु भउको थियो ।

प्रतियोगिता जितेर फर्किदा सुनौलीमा नै स्कुलको बस र बाजा लिएर सरहरुले हामीलाइ भव्य स्वागत गर्नु भएको थियो । त्यसको केहिदिन पछि त हामीलाइ गाडीमा राखेर पुरै बुटबल बजार परिक्रमा गराइएको थियो । आमी अघि अघि सकुलका साथिहरु र मेरो ममी, हजुरबुवा र हजुरआमा हुनुहुन्थ्यो । मैले ममिसगं खिचेको अन्तिम फोटो त्यही दिनको थियो ।

# आशा

जब २०६६ सालको असार २९ गते सबैजना बुटबलमा भेटेका थियम त्यतिबेला कसले सोचेको थियोहोला यी केटाहरूको यादले जिवनमा एक दिन साह्रै सताउने छ भनेर ? कसले सोचेको थियो होला कि हामी एक अर्काबाट टाढा भएर पनि एक अर्काको मनमा सधै बास गर्नेछम भनेर?

जब २०६८ सालको चैत्र १८ गते हामी परीक्षा सकेकै दिन कोही काठमान्डु त कोहि बिदा मान्न घर गएर पछि धरान जाने सोचमा व्याग र बाकसहरूमा आफ्नो सामान मात्र नभइ बुटबलमा बिताएका तिता मिठापलहरूलाइ मिलाइ मिलाइ खादेका थियम त्यतिबेला कसको मनले सोचेको थियो होला र अब हामी एकै ठाउमा सबैजना कहिल्यै भेट हुदैनम भनेर ?

यथार्थलाइ आधार मान्ने हो भने त हामी सबै जना एकै पटक एकै ठाउमा भेट्न मुस्किल नै छ तर । हामी भेट्ने सपना देखिरहदा टाढैबाट बास्तविकता मेरो सपनामाथि खित्का छाडेर हासिरहेको हुन्छ तर निकै परबाट लुकेर आशाले हिम्मत दिरहेको हुन्छ । साथि हो मलाइ थाहा छैन बास्तविकता ठुलो की आशा तर जब तिमीहरू सबैसगं भेट्ने विषयमा अन्तर्मन सगं लडाइ हुन्छ तब बास्तवीकता तर्फका ९ वटा घोडालाइ आशाको एउटा हात्तिले सजिलै जितिदिन्छ ।

मलाइ आश छ की एक दिन हामी भेट्ने छम्र फेरी । सबै जना मिलेर एक जनालाइ बिचमा पारेर मज्जाले जिस्काउने छम। सबैले एकै पटक जिस्काउदा उ रिसाउने छ । तर उसलाइ फकाउनको साटो हामी झन उसलाइ जिस्काउने छम। एकिछन पछि त उसको रिस पनि हासोमा बद्लिने छ । अनि खित्त दात देखाउदै भन्नेछ "तिमीहरूले मलाइ मात्र देखेछ है विल्ला गर्न" ।हामी फेरी उसकै कर्तुत सम्झिदै दिल खोलेर हास्ने छम ।
हामी मध्ये कतिको दारी, आएको हुन्छ होला, कतिले जिन्दगीमा धेरै प्रगति गरेको हुनेछ होला ,कति चाहि जिन्दगीको यात्रा जसो तसो पार गरीरहेको हुनेछम होला। कतिको त विहे भएर बुवा समेत भैसकेको हुन्छ होला , कति भने अझै चोखो मायाको लागी दा ैडिरहेको हुन्छ होला ।

यो हुन्छ होला , त्यो हुन्छ होला । आदी हुन्छ होला , इत्यादि हुन्छ हात्ला । जो जहा जे भएपनि जस्तो भएपनि जब हामी भेट्ने छम हामी त त्यही

वुटवलको देविनगरमा भएको एन्फामा आउदा जस्तो थिएम त्यस्तै हुन्छम हाला है?
सबैजना भेट्रदा त हामी त हामी नै हुदैनम होला है ?
सबैजना भेट भएर माहोल रमाइलो हुदै गर्दा जब एक जनाले स्पिकरमा गीत बजाउन खोज्छ सबैजना एकै स्वरमा "सधै सधै " गीत बजा भन्थ्येम होला है ? अनि सबै जनाले एकै स्वरमा सधै सधै सधै आइरहन्छ तिम्रो यादहरू भन्दै गाउथेम होला है ? अनि कोठा अगाडीको वरन्डामा बसेर अस्ताउदै गरेको सुर्यलाइ हेर्दै जोड जोडसगँ " हेर्दा हेर्दै पारी क्षितिजलाइ आशु खस्छ थाहै नपाइ" भन्दै होस्टेलका दिनहरूको यादहरूलाइ आशुको रूपमा आखाँबाट निकाल्थेम होला है ?

**के यो** आश यथार्थमा परीणत हुन्छ होला त ?

# मलाइ मन छ !

जिन्दगीमा एउटै लक्ष्य बोकेर हिडेका हामी समय सगै को कता को कता भयौ । मानिसलाइ आफ्नो लक्ष्य प्राप्ति गर्दाको क्षण भन्दा त्यो लक्ष्य बोकेर हिड्दको बाटो सम्झेर खुसी लाग्दो रहेछ । भन्छन विगतलाइ सम्झेर केहि काम छैन तर म भन्छु त्यहि विगतका पलहरु सम्झेर सास फेर्न मन लाग्ने रहेछ । मैले कतै पढेको थिए " मानिसहरु भन्छन जिन्दगी सासले बचाउछ तर म भन्छु जिन्दगी यादले बचाउछ" भनेर । हुनपनि मेरो सन्दर्भमा त्यही विगतका यादहरु सम्झन सकुला , ति मेरा साथिहरुलाइ फेरी एक पटक भेटुला भन्ने आशै आशमा सास फेर्न मन लागीरहेको छ । यदी साथिहरु भेट्ने आश नभएको भए यो सास त उहीले रोकिन्थ्यो होला ।

जिन्दगीको यादगार हिस्सा भनेकै सायद नमीठा पलहरु हुन्छ होला । मेरा साथिहरु तिमिहरुलाइ भन्ने कुराहरु त धेरै छैन । तर यार मलाइ एक पटक मात्र केही पलको लागी भएपनि त्यो विगत जिउनु मन छ । तिमिहरुको बिचमा बसेर हास्नु मन छ । स्कुलको कम्पाउन्डमा बसेर फेमीली प्याकको गुड डे बिस्कुट खान मन छ । स्कुलबाट फर्कीएर मन नलागी नलागी भएपनि दुध र दोनट र चना खान मन छ । स्कुल ड्रेस फेरेर जर्सी र बुट लगाएर ट्रेनिङ्ग जान मन छ ।

हामी मध्ये कतिले केहि न केहि गरीरहेका छौ त कतिले केहि गर्ने प्रयास गरीरहेका छौ तर मेरो यारहरु तिमीहरुले जिन्दगीमा केही गरेपनि केहि गर्न नसकेपनि मेरो लागी सदैव एउटै रहनेछौ । केटाहरु मलाइ तिमीहरुको प्रगतिमा खुसी हुन मन छ तर तिमिहरुको दुखमा सगै दुइ थोपा आशु खसाउने मन छ ।

मेरो साथिहरु यो जिन्दगीमा सोचे जस्तो त कहा हुदोरहेछ सायल त्यसैले जिन्दगीको खेल हामीले खेल्ने फुटबल भन्दा गाह्रो रहेछ । आखिर हुनपनि फुटबल त हामी हाम्रो टिम भएपछि जस्तो सुकै म्याच जित्थ्यौ तर यार यो जिन्दगीमा त एक्लै खेल्न पर्दो रहेछ । फुटबलमा पो म पास दिन्थे तिमिहरु गोल गर्ने अरू थिए तर जिन्दगीमा त आफै किप्पर , आफै डिफेन्स , आफै मिडफिल्डर र आफै स्ट्राइकर बन्न पर्दै रहेछ त्यसैले मलाइ गाह्रो भै रहेको छ यार यो जिन्दगीको गेम खेल्न ।

अब त मेरो खुट्टाले पनि साथ दिन छाडि सक्यो । सायद फुटबल खेल्न अब कहिल्यै मिल्दैन ।तर यार जिन्दगीमा एक पटक हाम्रो टिम भएर मैदान छिर्न मन छ, फुटबल बुट र जिउमा नम्बर ८ लेखेको जर्सी लगाएर एक पटक टाढै दखि गोल गर्न मन छ ,गोल गरीसकेपछि कर्नरतिर गएर भुइमा घिर्सिरिन मन छ । अनि तिमिहरु खुसीहुदै मलाइ च्यापेको महशुस गर्न मन छ । त्यसपछि सबै उठेर आफ्नो जर्सीमा लागेको धुलो टक्टकाएर गुरुतिर हेर्दै हास्न मन छ । हामी सबै सगै खेल्न मन छ एक पटक एउटा भएपनि म्याच जित्न मन छ । चाहे त्यसपछि जिन्दगी नै नरहोस ।

क्रमश: